# अध्याय एक

# शोध परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

शब्द व्युत्पादनका दृष्टिले हेर्दा व्याकरण शब्द वि+आ (उपसर्ग) कृ (धातु) अन (प्रत्यय) मिलेर बनेको देखिन्छ । सामान्यतः व्याकरण भनेको अमूर्त विषय हो । कुनै भाषाको शब्द, शब्दका विभिन्न रूप तिनको संरचना विधि वाक्य र त्यसका विभिन्न अङ्ग तथा तिनीहरूको पारस्परिक सम्बन्ध खुट्याउनका साथै शब्द, वाक्य आदिको शुद्ध प्रयोग गर्ने नियमको शास्त्र शब्द तथा वाक्य सम्बन्धी नियम र उदाहरणको संकलन गर्ने शास्त्र व्याकरण हो । भाषाका विशेषताको रूपमा रहेको व्याकरणले भाषाका आधारमा मात्र व्याकरण बनाउँछ । भाषाको उपज व्याकरण हो तर व्याकरणको उपज भाषा होइन । सिकाइलाई गतिशील र प्रभावकारी तुल्याउनले उद्देश्यले व्याकरण सम्बन्धी अभ्यासको निर्माण भएको हुन्छ । भाषा सिकाइ शिक्षणमा व्याकरण सम्बन्धी अभ्यास अनिवार्य पक्षका रूपमा रहन्छ । पाठ्यविषयको सबलीकरण, बोध र नयाँ सामग्रीको प्रयोग एवम् सिप वृद्धि गर्नमा व्याकरणसम्बन्धी अभ्यास ज्यादै लोकप्रिय हुन्छ ।

कुनै पनि भाषालई कसरी सिकाउने र कसरी सिक्ने भन्ने शिक्षण सिकाइका विधिहरूलाई व्याकरण शिक्षणमा व्यावहारिक ढङ्गले प्रस्तुत गर्ने काम व्याकरणले गर्छ । यसले एकातिर कुनै निश्चित किसिमका भाषिक आवश्यकता भएका सिकारू वा विद्यार्थीहरूलाई ध्यान दिएर पाठ्यक्रम निरपेक्ष रूपमा पनि व्याकरणिक अभ्यास र कार्यकलापहरू प्रस्तुत गर्न सक्छ भने एकातिर कुनै भाषा पाठ्यक्रम सापेक्ष भएर त्यसै अनुरूप र व्याकरणिक अभ्यास र कार्यकलापहरू प्रस्तुत गर्न सकिन्छ ।

प्रस्तुत शोध कार्यमा कक्षा छको कार्यमूलक व्याकरणलाई हेर्दा व्याकरण शिक्षण गर्नुको उद्देश्य बालबालिकालाई भाषाको शुद्ध प्रयोगप्रति अभिप्रेरित गर्नु हो । अतः व्याकरणलाई नियमहरूमा केन्द्रित गरी परिभाषा र उदाहरणद्वारा पुस्ट्याइँ गर्ने परम्परालाई त्यागी विद्यार्थीहरूमा उदाहरण र प्रयोगका आधारमा सम्बद्ध पाठभित्रबाट नियमको खोजी गर्ने उत्सुकता जगाइदिनु उपयुक्त हुन्छ । यसका अतिरिक्त विद्यार्थीहरूकै आफ्नो भाषा प्रयोगमा अन्तर्निहित व्याकरणको व्यवस्था खोज्न लगाउनु र

त्यसमा परिष्कार ल्याउनु व्याकरणात्मक सुझको उपयोग गर्नु पनि वाञ्छनीय छ । यस तहमा छुट्टै पाठ्यपुस्तकको आधारमा व्याकरण सिकाइ गर्नु बोझिलो हुने र उद्देश्यअनुकूल नहुने पनि मानवीय छ । व्याकरणलाई रचनामुखी बनाउन लिङ्ग, वचन, पुरुष, आदर, काल, पक्ष, भाव आदि विभिन्न वाक्य कोटिअनुसारका छोटो वर्णनहरू गर्न लगाउनु पनि आवश्यक छ ।

## १.२ शोध समस्या

अनुसन्धानका निम्ति छनोट गरिएको कुनै पनि अनुसन्धेय विषयवस्तुलाई समस्याका रूपमा प्रस्तुत गरिन्छ । पाठ्यक्रमले निर्धारण गरेका कुन-कुन उद्देश्यहरू पुरा गर्न के-कस्ता सिपमूलक व्याकरणात्मक अभ्यासको व्यवस्था गरिएको छ ? कक्षा नौका विद्यार्थीहरूको क्षमता अनुरूपको व्याकरणात्मक अभ्यास छन् ? ती व्याकरणात्मक अभ्यासहरूले पाठ्यक्रमको उद्देश्य परिपूर्तिमा कतिको प्रभावकारी भूमिका निर्वाह गर्न सक्छन् ? भन्ने कुरा नै प्रस्तुत शोधका समस्या हुन् । ती निम्नानुसार रहेका छन् :

(क) कक्षा नौको पाठ्यपुस्तकभित्र समाविष्ट पाठगत व्याकरणात्मक अभ्यासहरू पाठ्यक्रमअनुरूप छन् ?

(ख) पाठ्यपुस्तकमा समाविष्ट कार्यमूलक व्याकरणलाई प्रकृतिका आधारमा के कति वर्गमा विभाजन गर्न सकिन्छ ?

(ग) सिप विकासका दृष्टिले कार्यमूलक व्याकरणलाई कसरी विश्लेषण गर्न सकिन्छ ?

## १.३ शोधकार्यको उद्देश्य

उद्देश्यविना कुनै कार्य सम्पन्न हुन सक्दैन । प्रस्तुत शोध कार्यका समस्याहरूको समाधान गर्नु यस शोध कार्यको उद्देश्य रहेको छ । शोध समस्या शीर्षकमा केन्द्रित रहन्छ भने उद्देश्य शोध समस्यामा केन्द्रित रहन्छ । प्रस्तुत शोधका उद्देश्यहरू निम्नानुसार रहेका छन् :

(क)	कक्षा नौको पाठ्यपुस्तक भित्र समाविष्ट पाठगत व्याकरणलाई पाठ्यक्रम अनुरूपताका आधारमा विश्लेषण गर्नु,

(ख)	पाठ्यपुस्तकमा समाविष्ट कार्यमूलक व्याकरणलाई प्रकृतिका आधारमा विश्लेषण गर्नु,

(ग)	सिप विकासका दृष्टिले कार्यमूलक व्याकरणको विश्लेषण गर्नु ।

कुनै पनि काम गरिनुको पछाडि त्यसको महŒ्व कति हुन्छ भनेर पहिले नै विचार गरिएको छ । यसै गरी व्याकरण अभ्यास सम्बन्धी भएका पूर्व अध्ययनको पनि थुप्रै महŒ्वहरू रहेका छन् ।

सर्वप्रथम त यस व्याकरण अभ्याससम्बन्धी भएका पूर्व अध्ययनले शोधकार्य गरिरहेका व्यक्तिहरूको लागि विशेष सहयोग पुऱ्याएको छ । पूर्व अध्ययनका माध्यमबाट शोधकार्य गर्न सहयोग पुगेको छ । व्याकरण सम्बन्धी भएका पूर्व अध्ययनले भाषा सिकाइमा मद्दत पुऱ्याएको छ । पाठ्यपुस्तकमा लेखकहरूले यस व्याकरण सम्बन्धी भएका पूर्व अध्ययनको निष्कर्षको आधारमा पाठ्यपुस्तक लेखन र परिमार्जन गर्नसक्ने छन् र कक्षा कोठामा व्याकरणिक अभ्यासले दिइएको निर्देशनहरूको पालना गराउन सहयोग गरिएका छन् । व्याकरण भनेको रूखो विषय हो भनेर यसप्रति अरूचि पैदा हुने व्यक्तिहरूले पनि यस सम्बन्धी भएका विभिन्न अध्ययन गरिएको छ । व्याकरण अभ्यास सम्बन्धी भएका पूर्व अध्ययनको धेरै महŒ्व रहेको छ । यो विभिन्न शिक्षक, विद्यार्थी पाठ्यपुस्तक, लेखक, अनुसन्धान कर्ताहरूका लागि उपयोगी रहेको छ ।

## १.४ शोध सान्दर्भिकता र उपादेयता

सान्दर्भिकता र उपादेयता शोध प्रस्तावको महŒ्वपूर्ण अङ्ग हो । शोध आफैमा प्राज्ञिक र बौद्धिक कार्य हो । भाषाको निरन्तर विकास र विस्तार गर्दै भाषिक व्यवहारमा विद्यार्थीहरूलाई सक्षम बनाउन भाषा शिक्षणले महŒ्वपूर्ण भूमिका लेख्दछ । पाठ्यक्रमले निर्दिष्ट गरेका उद्देश्यहरू पुरा गर्नका लागि व्याकरण खण्डको अध्ययन र सुधार गर्नु नितान्त आवश्यक देखिन्छ । व्याकरण खण्डमा लिङ्ग, वचन, पुरुष, काल, भाव, पक्ष, उखान टुक्का जस्ता कुराहरूले भाषिक शुद्धता व्याकरणात्मक

अभ्यासलाई गुणस्तरयुक्त बनाउन पर्दछ । शोधको सान्दर्भिकता र उपादेयताहरू निम्नानुसार रहेका छन् :

(क) विद्यार्थीहरूको भाषिक तथा व्याकरणात्मक धारणा र सिप विकासमा स्पष्ट र प्रभावकारी सहयोग पुऱ्याएको छ ।

(ख) विद्यार्थीहरूमा स्पष्ट व्याकरणात्मक सुझ र सिपको विकास गरी सिर्जनात्मक क्षमताको विकासमा टेवा दिइएको छ ।

(ग) दोस्रो भाषा शिक्षणलाई प्रभावकारी बनाएको छ ।

(घ) कमजोर विद्यार्थीहरूको भाषिक सिपलाई कुशलतापूर्वक अभिवृद्धि गरिएको छ ।

(ङ) सबै प्रकारका विद्यार्थीले भाषाका व्याकरणात्मक पक्षहरू सरल रूपमा बुझ्ने र विकसित गर्ने क्षमता वृद्धि गरिएको छ ।

(च) विद्यार्थीहरूमा स्तरीय भाषाको प्रयोग गरिएको छ ।

(छ) भाषाका विशेषताहरू पहिल्याउन सहयोग गरिएको छ ।

(ज) परिष्कार र परिमार्जनका लागि प्रस्तुत शोधको औचित्य रहेको छ ।

## १.५ शोधसीमा

कुनै पनि अध्ययनलाई निश्चित सीमाभित्र व्यवस्थित गर्नुपर्ने हुन्छ । प्रस्तुत शोधसीमालाई निम्न बुँदामा समेटिने छ :

(क) कक्षा नौको नेपाली पाठ्यपुस्तकमा समाविष्ट कार्यमूलक व्याकरणत्मक अभ्यासमा सीमित रहेको छ ।

(ख) कार्यमूलक व्याकरण अभ्यासहरूको विश्लेषण पाठ्यपुस्तकमा आधारित भई सैद्धान्तिक र वर्णनात्मक रूपमा गरिएको छ ।

(ग) पाठ्यक्रमका उद्देश्यहरू र कक्षा छको नेपाली पाठ्यपुस्तकमा समाविष्ट व्याकरणात्मक अभ्यासलाई पाठ्यक्रम अनुरूपताका दृष्टिले मात्र हेरिएको छ ।

## १.६ शोधपत्रको ढाँचा

प्रस्तुत अध्ययनलाई व्यवस्थित गर्न पाँच वटा परिच्छेदमा विभाजन गरिरहेको छ । आवश्यकता अनुसार विभिन्न शीर्षक, उपशीर्षक, राखी शोधपत्रको रूपरेखालाई अन्तिम रूप दिइएको छ ।

अध्याय एक : शोध परिचय

अध्याय दुई : पूर्वकार्यको पुनरावलोकन र सैद्धान्तिक रूपरेखा

अध्याय तिन : अध्ययन विधि र प्रक्रिया

अध्याय चार : व्याख्या र विश्लेषण

अध्याय पाँच : निष्कर्ष, सुझाव र उपयोगिता

# अध्याय दुई

# पूर्वकार्यको पुनरावलोकन र सैद्धान्तिक रूपरेखा

## २.१ पूर्वकार्यको पुनरावलोकन

शोधार्थीले शोधकार्यको आरम्भ गर्दा वा त्यसका निमित्त शोध प्रस्ताव तयार गर्दा आफूले शोध गर्न चाहेको विषयमा त्यसपूर्व के कति अध्ययन, खोज, अनुसन्धान तथा प्रकाशन कार्य भएका छन् भन्ने कुराको जानकारी प्राप्त गर्नुपर्ने हुन्छ, जसलाई पूर्वकार्यको खोज भनिन्छ । भाषिक अध्ययन अनुसन्धानका क्रममा शोधार्थीले आफ्नो रूचिअनुसार अध्ययनको विषयवस्तु चयन गर्दछ । यहाँ शोधकार्यका लागि कक्षा नौको पाठ्यपुस्तकमा समावेश भएका कार्यमूलक व्याकरणात्मक अभ्यासहरूको अध्ययन चयन गरिएको छ । यस सम्बन्धी सैद्धान्तिक रूपमा थुप्रै अध्ययनहरू भएका छन् तापनि प्रयोगात्मक रूपमा अध्ययन अनुसन्धान कमै मात्रामा भएको पाइन्छ । प्रस्तुत शोध शीर्षकमा अध्ययन अनुसन्धान नगरिएकाले नेपालीको कार्यमूलक व्याकरणात्मक अभ्यासहरूको अध्ययन गर्ने प्रयास गरिएको छ । यससँग सम्बन्धित अहिलेसम्म भएका अनुसन्धानहरूलाई निम्न अनुसार प्रस्तुत गरिएको छ ।

ठकुरी (२०६१) द्वारा 'हाम्रो नेपाली किताब कक्षा छ र सजिलो नेपाली माला छको नमुना अभ्यास तुलनात्मक अध्ययन' शीर्षकमा अध्ययन गरिएको छ । उक्त शोधकार्यका उद्देश्यहरूमा कक्षा छ का 'हाम्रो नेपाली किताब र सजिलो नेपाली माला' मा समाविष्ट नमुना अभ्यासको विश्लेषण सबल र दुर्बल पक्षहरूको पहिचान गर्नु, दुबै पाठ्यपुस्तकमा समाविष्ट नमुनाहरूको तुलनात्मक अध्ययन गर्नु, उक्त दुबै पाठ्यपुस्तकमा समाविष्ट अभ्यासहरूको सुधारका निमित्त सुझाब दिनु रहेको पाइन्छ । यस अध्ययनमा प्रकृतिलाई दृष्टिगत गरी पुस्तकालयीय पद्धतिमा आधारित वर्णनात्मक ढाँचालाई उपयोगमा ल्याइएको छ । हाम्रो नेपाली किताबमा कठिन शब्दका निमित्त दिइएका शब्दार्थलाई पर्यायवची र पारिभाषिक तबरबाट बढी अर्थ्याइएको पाइन्छ । प्राविधिक, अनेकार्थक, अनुकरणात्मक र उखान टुक्का जस्ता शब्दहरूको प्रतिनिधिŒव कम रहेको पाइन्छ । नेपाली किताबमा समाविष्ट भाषिक सिपसँग

सम्बन्धित अभ्यासको विश्लेषणबाट लेखाइसँग सम्बन्धित अभ्यास सबैभन्दा बढी र सुनाइमा सबैभन्दा कम रहेको पाइन्छ । अभ्यासको विविधतालाई हेर्दा पहिलो भन्दा दोस्रोमा धेरै स्तरीयता रहेको देखिन्छ । दुबै पाठमा आधाीरत रहेर अभ्यासहरू दिइएको पाइनु आदिलाई निष्कर्षको रूपमा निकालिएको पाइन्छ । यसका साथै अभ्यासका विभिन्न प्रकृति र स्वरूपको सैद्धान्तिक वर्णन गरिएकाले भाषा पाठ्यपुस्तक निर्माणको लागि यो मार्गदर्शक देखिन्छ ।

पाण्डे (२०६३), द्वारा 'कक्षा सातको नेपाली पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासको पाठ्यक्रम अनुरूपाताको अध्ययन' गरिएको छ । उक्त शोधकार्यका उद्देश्यहरूमा विविध दृष्टिकोणले कक्षा सातको नेपाली पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासको विवेचना गर्नु, उक्त पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासहरूको वर्गीकरण र विश्लेषण गर्नु, उक्त अभ्यासहरूको पाठ्यक्रम अनुरूपताको स्थिति केलाउनु, अभ्ययनबाट प्राप्त तथ्यका आधारमा अभ्यासका कमजोरीहरू सुधारका लागि सुझाबहरू पेस गर्नु रहेका छन् । उक्त अध्ययन पुस्तकालयीय विधिमा केन्द्रित रहेको छ । कक्षा सातको पाठ्यपुस्तक (२०५९) मा समाविष्ट नमुना अभ्यासको पाठ्यक्रम अनुरूपता सम्बन्धी अध्ययनबाट प्राप्त निष्कर्षलाई प्रस्तुत गरिएको छ । नेपाली भाषा पाठ्यक्रमलाई पनि परिमार्जन एवम् परिवर्तन गरिदै आउनुलाई निष्कर्षको रूपमा लिएको पाइन्छ ।

भट्टराई (२०६५) द्वारा 'कक्षा तिनको मेरो नेपाली र सरल नेपाली शृङ्खलामा प्रयुक्त नमुना अभ्यासको तुलनात्मक अध्ययन' शीर्षकमा अध्ययन गरिएको छ । उक्त शोधकार्यका उद्देश्यहरूमा पाठ्यक्रमको उद्देश्यअनुरूप नमुना अभ्यासको तालमेल भए नभएको पहिल्याउनु, विधाको प्रयोजन अनुरूप नमुना अभ्यासको तालमेल भए-नभएको पहिल्याउनु, दुबै पाठ्यक्रपुस्तकमा समाविष्ट नमुना अभ्यासको तुलनात्मक अध्ययन गर्नु, अभ्यासगत विविधता सृजनात्मक अभ्यास, वस्तुगतता, स्तर अनुरूपता अभ्यास के कति छन् ? भए नभएका पहिल्याउनु, दुबै पाठ्यपुस्तकमा समाविष्ट अभ्यासहरूको सुधारका निम्ति सुझाब दिनु रहेका छन् । उक्त शोध कार्यमा पुस्तकालयीय विधि र तुलनात्मक विधिको प्रयोग गरिएको छ । अभ्यासको विविधतालाई हेर्दा दोस्रोमा भन्दा पहिलोमा धेरै स्तरीयता पाइन्छ । पहिलोमा सृजनात्मकता सम्बन्धी १४ वटा अभ्यासहरू दिइएको छ, जुन विधाको प्रकृति र प्रयोजन अनुरूप छन् । दोस्रोमा सृजनात्मकता सम्बन्धी थोरै अर्थात् ४ वटा मात्र अभ्यासहरू

दिइएको छ । पहिलोमा विधासम्बन्धी अभ्यासहरू समानुपातिकका रूपमा दिइएको छ भने दोस्रोमा कुनै दिइएकै छैन जसलाई निष्कर्षको रूपमा लिइन्छ ।

आचार्य (२०६६) द्वारा 'कक्षा एकको मेरो नेपाली किताबमा प्रयुक्त नमुना अभ्यासको विश्लेषणमा अध्ययन' गरिएको छ । उक्त शोधकार्यका उद्देश्यहरूमा पाठ्यपुस्तकमा दिइएका नमुना अभ्यासहरूको वर्गीकरण गर्नु, विभिन्न आधारमा नमुना अभ्यासहरूको विश्लेषण गर्नु, कक्षा एकको मेरो नेपाली पाठ्यपुस्तकमा समावेश गरिएका नमुना अभ्यासको सबल र दुर्बल पक्षको पहिचान गर्नु, नमुना अभ्यासको सुधारका लागि सुझाब पेस गर्नु रहेका छन् । स्वरूपका आधारमा हेर्दा नुमना अभ्यासले विषयगत, वस्तुगत तथा अन्य प्रकृतिका प्रश्नहरू पनि समेटिएको देखिन्छ । विधागत अभ्यासको वितरणलाई हेर्दा पाठ्यपुस्तकले चार वटै विधाहरू मध्ये बाल गीत र बाल कथालाई अलि बढी जोड दिएर अभ्यास निर्माणमा ख्याल दिइएको पाइन्छ । अभ्यास निर्माणमा प्रयोगात्मक तहलाई बढी जोड दिएको छ । उक्त पाठ्यपुस्तकमा प्रयुक्त १८६ वटा अभ्यासहरू सबै कुनै न कुनै रूपमा भाषिक सिपसँग सम्बद्ध देखिनुलाई निष्कर्षको रूपमा लिइन्छ ।

राउत (२०६७) द्वारा 'कक्षा नौको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त अभ्यास खण्डको विश्लेषण' शीर्षकमा अध्ययन गरिएको छ । उक्त शोध कार्यमा अभयस खण्डको विश्लेषण र वर्गीकरण गर्नु, उक्त किताबमा समावेश गरिएका नुमना अभ्यासको विश्लेषण गर्नु । अभ्यासमा गरिएका नमुना अभ्यासको विश्लेषण गर्नु र अभ्यासमा सबल र दुर्बल पक्षको पहिचान गर्नु र अभ्यास खण्डको सुधारका लागि सुझाब पेश गर्नु रहेका छन् । उक्त शोध अध्ययनलाई अगाडि बढाउनको लागि सामग्रीको छनोट, तथ्य सङ्कलन  र व्याख्या विश्लेषण जस्ता विधिहरू अपनाएको पाइन्छ । उक्त शोध अध्ययनमा सुनाइ सिपसँग सम्बन्धित प्रश्नहरूमा कमी देखिन्छ । पढाइ, बोलाइ र लेखाइ सिपसँग सम्बन्धित प्रश्नहरू धेरै रहेको पाइन्छ । व्याकरण खण्डको अध्ययन र विश्लेषण गर्न कक्षा नौको नेपाली पाठ्यपुस्तकमा सुरूदेखि अन्तिम पाठभित्र शब्दवर्ग पदसङ्गति, वाच्य, काल, पक्ष, भाव, कारक र विभक्ति वाक्य, शब्द निर्माण वर्ण विन्यास, शब्दभण्डार जस्ता व्याकरण परिभाषा साथै अभ्यासहरू समावेश गरी निष्कर्षका रूपमा निकालिएको छ ।

खतिवडा (२०६९) द्वारा 'स्नातक नेपाली पाठ्यपुस्तकमा समाविष्ट व्याकरणात्मक अभ्यासको अध्ययन' शीर्षकमा अध्ययन गरिएको छ । उक्त शोधकार्यका उद्देश्यहरूमा स्नातक नेपाली पाठ्यपुस्तक

भित्र समाविष्ट व्याकरणात्मक अभ्यासहरूलाई पाठ्यक्रम अनुरूपताका आधारमा विश्लेषण गर्नु, स्नातक नेपाली पाठ्यपुस्तक भित्र समाविष्ट व्याकरणात्मक अभ्यासका सम्बन्धमा विभिन्न सुझाबहरू पेश गर्नु रहका छन् । उक्त शोध अध्ययनमा निगमन विधि, आगमन विधि, प्रत्यक्ष विधि, भाषा पाठ्यपुस्तक विधि आदिको प्रयोग गरिएको छ । उक्त शोध अध्ययनमा समाविष्ट व्याकरणहरू पूर्णता पाठ्यक्रम अनुरूप रहेको पाइँदैन । केही हदसम्म्म मात्र पाठ्यक्रम अनुरूप रहेको पाइन्छ । कुनै व्याकरण अभ्यासमा पाठबाटै उदाहरण दिइएको छ र पाठसँग सम्बन्ध देखाइएको छ भने कुनैमा पाठसँग सम्बन्धित गराइएको पाइँदैन पाठ्यपुस्तकमा व्याकरणलाई उचित किसिमले राखिएको पाइँदैन । सबै व्याकरणहरू छ्यासमिस बनाएर राखिएको पाइनु यस अध्ययनको निष्कर्ष हो ।

खड्का (२०७०) द्वारा 'कक्षा छको नेपाली पाठ्यपुस्तकमा समाविष्ट अभ्यासको अध्ययन' शीर्षकमा शोध गरिएको पाइन्छ । उक्त शोध गर्नुको उद्देश्य अभ्यासहरू पाठ्यपुस्तकका पाठहरू अनुरूप छन् कि छैनन्, अभ्यासहरू भाषिक सिपका आधारमा समाविष्ट गरिएका छन्, छैनन् भाषिक अभ्यासहरू विशिष्ट उद्देश्य पुरा गर्न कतिको सहयोगी छन् भन्ने रहेको पाइन्छ । पुस्तकालयीय विधिमा प्रस्तुत शोध केन्द्रित देखिन्छ । नमुना अभ्यासमा विधागत वस्तुगत र अन्य प्रकृतिका प्रश्नहरू समावेश गरेको देखिन्छ । विविध प्रकृतिका प्रश्नहरू समावेश गर्नु, पाठको विषयवस्तु अनुरूप शब्दभण्डारसँग सम्बन्धित अभ्यासलाई समावेश गर्न खोज्नु पाठ्यपुस्तकका सबल पक्ष रहेका छन् । समानुपातिक रूपमा चारै सिपलाई अभ्यासमा समावेश गर्न नसक्नु विषयगत र वस्तुगत प्रश्नहरूमा एकरूपता नहुनु दूर्बल पक्ष रहेका छन् ।

बम (२०७१) द्वारा 'स्नातक नेपाली पाठ्यपुस्तकमा प्रयुक्त नमुना अभ्यासको अध्ययन' शीर्षकमा अध्ययन गरिएको छ । उक्त शोध गर्नुको उद्देश्य स्नातक नेपाली पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासको अध्ययन गर्नु, पाठ अनुरूपताका दृष्टिले उक्त पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासको अध्ययन गर्नु, उक्त पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासलाई प्रश्न प्रकृतिका आधारमा विभाजन गर्नु, उक्त पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासका सबल र दुर्बल पक्ष केलाउनु रहेको पाइन्छ । उक्त शोधमा प्राथमिक र द्वितीयक स्रोतबाट सामग्री सङ्कलन गरिएको छ । पाठ अनुरूप हुँदा हुँदै पनि कतिपय अस्पष्ट निर्देशन एवम् असन्तुलित प्रस्तुतिका कारण केही असर देखिनुलाई निष्कर्षको रूपमा लिइन्छ ।

## २.२ पूर्वकार्यको महत्त्व

कुनै पनि कार्यको सुरूवात गर्नुभन्दा पहिले त्यस कामका सम्बन्धमा सोच विचार गर्नु राम्रो हुन्छ । पछि गर्ने कार्यको प्रकृति बुझ्न, भावी परिणामको जानकारी लिनु, अनुसन्धान कार्य सम्पन्न गर्न सकिने नसकिने अवस्था निर्क्योल गर्न, सम्बन्धित कार्यका सम्बन्धमा पहिले के-के भएका छन् सो कुरा थाहा पाउन पूर्व अध्ययनको महत्व रहन्छ । यस कार्यको महत्वलाई निम्नानुसारको बुँदाबाट स्पष्ट पार्न सकिन्छ :

क) शोधकार्यका लागि भावी दिशा निर्देश गर्न,

ख) शोध सामग्रीहरू सङ्कलन र निर्माण गर्न,

ग) शोध समस्या निवारणका लागि आवश्यक सामग्री जुटाउनु,

घ) शोध पद्धति र विधि प्रयोगमा कुशलता प्राप्त गर्न,

ङ) शोधकार्यमा हुन सक्ने पुनरावृत्तिलाई हटाउन ।

## २.३ अध्ययनको सैद्धान्तिक रूपरेखा

व्याकरण र कार्यमूलक व्याकरणको सैद्धान्तिक अवधारणा, शीर्षकअन्तर्गत व्याकरणको परिचय, कार्यमूलक व्याकरणको परिचय, व्याकरण शिक्षणको प्रयोग, व्याकरण शिक्षणको औचित्य, व्याकरण र भाषा प्रयोग, व्याकरण र भाषा पाठ्यपुस्तकको सम्बन्ध व्याकरण शिक्षणका समस्या, व्याकरण शिक्षणका प्रमुख विधिहरू व्याकरण शिक्षण प्रक्रियाको बारेमा यस अध्ययनमा चर्चा गरिएको छ ।

### २.३.१ व्याकरणको परिचय

'व्याकरण' शब्द संस्कृत भाषाबाट आएको तत्सम शब्द हो । शब्द व्युत्पन्नका दृष्टिले हेर्दा व्याकरण शब्द वि+आ+कृ+अन मिलेर बनेको देखिन्छ । यहाँ 'वि' र 'आ' उपसर्ग हुन्, 'अन' प्रत्यय हो

भने 'कृ' धातु हो । 'कृ' को अर्थ 'गर्नु' हो । 'वि' को अर्थ विशिष्ट र 'आ' को अर्थ नजिक भन्ने हुन्छ । यसको नेपाली व्याकरण गर्दा व्याकृत+अन = व्याकरण हुन्छ । यसरी हेर्दा व्याकरण शब्दको शाब्दिक अर्थ भाषाको उच्च स्तरीय शुद्ध र विशिष्ट प्रयोग नै भन्ने बुझिन्छ । अर्थ भाषाको उच्च स्तरीय शुद्ध र विशिष्ट प्रयोग नै भन्ने बुझिन्छ । भाषालाई शुद्धसँग लेखपढ गरी स्तरीय र मानक रूपमा प्रयोग गर्न भाषा अन्तर्गत व्याकरणको आवश्यकता पर्दछ । व्याकरण भनेको सम्बन्धित भाषाका मूलवक्ताहरुका भाषा प्रयोगमा पाइने संरचनागत विशेषता हो (शर्मा र पौडेल, २०६८ : २१७) । भाषामा भएका भाषिक एकाइलाई व्यवस्थित र शुद्ध रूपमा कार्य गर्ने रूपदेखि वाक्यात्मक तह सम्मका एकाइलाई व्यवस्थित र शुद्ध रूपमा प्रयोग गराउन व्याकरणले महŒ्वपूर्ण भूमिका खेल्दछ । पाश्चात्य जगत्का रोमबाट सर्वप्रथम भाषिक चिन्तन र व्याकरणका परम्पराको विकास भएको हो । जसले सिङ्गो युरोपको व्याकरणिक धरातललाई समेट्दछ । त्यस्तै गरी पाणिनीको 'अष्टाध्यायी' व्याकरण र 'चन्द्रिका' व्याकरणको सेरोफेरोमा नेपाली व्याकरण बाधिएको देखिन्छ । बालबालिकालाई भाषाको शुद्ध प्रयोगप्रति अभिप्रेरित गर्नु व्याकरण हो (आधारभूत शिक्षा पाठ्यक्रम, २०६९ : १२) । मानवीय आवश्यकता पुरा गर्ने माध्यम भाषा हो र कुनै पनि भाषा भाषिक अभिव्यक्तिका रूपमा रहेको हुन्छ । यसरी भाषा शिक्षणमा व्याकरणको निकै महŒ्वपूर्ण स्थान रहन्छ । शैक्षणिक व्याकरण भाषा सिक्ने र सिकाउने प्रक्रिया तथा पद्धतिसम्बन्धी व्यावहारिक व्याकरण हो । कुनै पनि वर्णनात्मक व्याकरणलाई शैक्षिक उद्देश्यबाट रूपान्तरित र पुर्नलिखित गरिएको रूप हो ।

हरेक भाषा शिक्षणमा व्याकरणमा व्याकरणको निकै महŒ्व हुन्छ । सबै भाषाको निश्चित नियमबद्ध व्याकरण हुन्छ । त्यस्तै प्रत्येक भाषामा वर्ण व्यवस्था, रूप व्यवस्था हुन्छ । भाषा भित्रका यी सबै व्यवस्थाहरू निश्चित नियमबद्ध हुन्छन् । भाषा भित्रका यिनै नियम, अनुशासन र नियन्त्रणलाई व्याकरण भनिन्छ । यसले भाषालाई शुद्ध, स्तरीय र मानक रूपको प्रयोग गर्न अभिप्रेरित गर्दछ । समयको अन्तरालसँगै भाषामा पनि समय सापेक्ष परिवर्तन र प्रवर्द्धन भई नै रहन्छ । भाषालाई समसामयिक बनाउनका लागि शब्दलाई अनुशासन गर्ने र व्यवस्थित प्रयोग गर्ने काम व्याकरणले गर्दछ । कुनै पनि भाषाका मौखिक र लिखित गरी दुई माध्यम हुन्छन् । मौखिक रूपलाई कथ्य र लिखित माध्यमलाई लेख्य भाषाको छुट्टाछुट्टै अस्तिŒ्व भइसकेपछि लेख्य वा मानक रूपको प्रयोगको लागि व्याकरणको आवश्यकता पर्दछ ।

व्याकरण के हो भन्ने विषयमा नेपाली बृहत शब्दकोश, विभिन्न व्याकरणहरू तथा विद्वान्हरूले गरेका मतलाई यहाँ उल्लेख गर्नु सान्दर्भिक मानिन्छ । कुनै भाषाको शब्द, शब्दका विभिन्न रूप तिनको संरचना विधिहरूको पारस्परिक सम्बन्ध खुट्याउनका साथै शब्द, वाक्य आदिको शुद्ध प्रयोग गर्ने नियमको शास्त्र शब्द तथा वाक्य सम्बन्धी नियम र उदाहरणको सङ्कलन गर्ने शास्त्र व्याकरण हो ( नेपाली बृहत् शब्दकोश, २०५५ : ११६८) । भाषाका विशेषताको रूपमा रहेको व्याकरणले भाषाका आधारमा मात्र व्याकरण बनाउँछ । भाषाको उपज व्याकरण हो तर व्याकरणको उपज भाषा होइन । परम्परागत विधालाई व्याकरण भनिन्छ (शर्मा र पौडेल, २०६८ : २१७) । त्यसै गरी कुनै भाषाका शब्द, रूप, वाक्य आदिको शुद्ध प्रयोग गर्ने नियमहरूको निरूपण गर्ने शास्त्र नै व्याकरण हो ।

उपर्युक्त परिभाषाहरूका आधारमा समष्टिगत व्यवस्थाहरूको शुद्ध प्रयोग गर्न सिकाउने शास्त्रको रूपमा लिन सकिन्छ । तसर्थ व्याकरणले कुनै पनि भाषाका वक्ताहरूलाई एउटै स्तरीय, शुद्ध तथा मानक रूपको प्रयोग गर्न सिकाउँछ भने व्याकरणअन्तर्गत भाषाका रूपदेखि वाक्यात्मक तहसम्मका संरचनात्मक कुराहरूको सुव्यवस्थित अध्ययन गरिन्छ ।

## २.३.२ कार्यमूलक व्याकरणको परिचय

व्यवहारमा ल्याउन सकिने र भाषाको शुद्ध प्रयोगप्रति अभिप्रेरित गर्ने प्रक्रियालाई कार्यमूलक व्याकरण भनिन्छ । यो शिक्षण सिकाइ क्रियाकलाप सँगसँगै गरिन्छ । कार्यमूलक व्याकरणले सैद्धान्तिक पक्षलाई विशेष जोड दिएको हुन्छ ।

कुनै पनि भाषालाई कसरी सिकाउने र कसरी सिक्ने भन्ने शिक्षण सिकाइका विधिहरूलाई व्याकरण शिक्षणमा व्यावहारिक ढङ्गले प्रस्तुत गर्ने काम कार्यमूलक व्याकरणले गर्छ । यसले एकातिर कुनै निश्चित किसिमका भाषिक आवश्यकता भएका सिकारू वा विद्यार्थीहरूलाई ध्यान दिएर पाठ्यक्रम निरपेक्ष रूपमा प्रस्तुत गर्न सक्छ भने अर्कातिर कुनै भाषा पाठ्यक्रम सापेक्ष भएर त्यसै अनुरूप र व्याकरणिक अभ्यास र कार्यकलापहरू प्रस्तुत गर्न सकिन्छ ।

कार्यमूलक व्याकरणको शिक्षण गर्नको उद्देश्य बालबालिकालाई भाषाको शुद्ध प्रयोगप्रति अभिप्रेरित गर्नु हो । अतः व्याकरणलाई नियमहरूमा केन्द्रित गरी परिभाषा र उदाहरणद्वारा प्रस्ट पार्ने

परम्परालाई त्यागी विद्यार्थीहरूमा उदाहरणका साथै प्रयोगका आधारमा सम्बद्ध पाठभित्रबाट नियमको खोजी गर्ने उत्सुकता जगाइ दिनु उपयुक्त हुन्छ । यसका अतिरिक्त विद्यार्थीहरूकै आफ्नो भाषा प्रयोगमा अन्तर्निहित व्याकरणको व्यवस्था खोज्न लगाउनु र त्यसमा परिष्कार ल्याउनु व्याकरणात्मक सुझको उपयोग गर्नु पनि आवश्यक छ । व्याकरणलाई रचनामुखी बनाउन लिङ्ग, वचन, पुरुष, आदर, काल, भाव आदि विभिन्न वाक्य कोटिअनुसारका छोटा वर्णनहरू गर्न लगाउनु पनि आवश्यक छ (आधारभूत शिक्षा पाठ्यक्रम, २०६९ : १२) । भाषालाई समसामयिक बनाउनका लागि शब्दलाई अनुशासन गर्ने र व्यवस्थित प्रयोग गर्ने काम व्याकरणले गर्दछ । कार्यमूलक व्याकरणले विद्यार्थीहरूको भाषिक तथा व्याकरणात्मक धारणा र सिप विकासमा स्पष्ट र प्रभावकारी सहयोग पुऱ्याउँछ । यसले विद्यार्थीहरूमा स्पष्ट व्याकरणात्मक सुझ र सिपको विकासमा टेवा दिन सहयोग गर्छ । त्यस्तै यसले दोस्रो भाषा शिक्षणलाई प्रभावकारी बनाउन सहयोग गर्छ । विद्यार्थीहरूमा स्तरीय भाषाको प्रयोग गर्न, भाषाका विशेपरिष्कार र परिमार्जनको लागि कार्यमूलक व्याकरण उपयोगी हुन्छ ।

### २.३.३ व्याकरण शिक्षणको प्रयोग

व्याकरण शिक्षण भनेको भाषिक सिपहरूको परिष्कार एवम् परिमार्जनका लागि उपयोगमा ल्याइने शिक्षण हो (पौडेल, २०६९ : २१७) । मानवीय आवश्यकता पूरा गर्ने प्रमुख माध्यम भाषा हो र कुनै पनि भाषा भाषिक अभिव्यक्तिका रूपमा स्थापित हुँदा भाषामा व्याकरण अन्तर्निहित भएर रहेको हुन्छ । यसरी हेर्दा भाषाशिक्षणको महŒवपूर्ण पक्षका रूपमा व्याकरण शिक्षण रहन्छ । व्याकरणले भाषिक सिप (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) मा कुशलता प्रदान गर्दछ । यस शासितको रूपमा हेर्न सकिन्छ । यस दृष्टिले व्याकरणको शिक्षणबाट मात्र विद्यार्थीमा हुने भाषा प्रयोगका अशुद्धिलाई निर्मूल पार्न सकिन्छ र यसको औपचारिक शिक्षण विधि भाषाको शुद्ध प्रयोग सम्भव हुन्छ । भाषा सिकाइमा परम्परागत र आधुनिक मान्यताका बिच व्याकरण सिकाइको प्रयोजन र तरिकाका सन्दर्भमा विभिन्नता रहेको पाइन्छ । परम्परागत दृष्टिमा भाषा शुद्धसँग लेख्न र बोल्न सिकाउने विधालाई व्याकरण मानिन्थ्यो । यसैगरी परम्परागत व्याकरणमा व्याकरणको औपचारिक शिक्षण नगरी भाषा शुद्धसँग लेख्न र बोल्न सकिदैन भन्ने मान्यता रहेको हुँदा कुनै पनि भाषाका वक्ताले शुद्ध भाषाको प्रयोग गर्नका लागि व्याकरण सिक्नु अनिवार्य ठानिन्थ्यो । तर भाषा सिकाइको आधुनिक दृष्टिमा भाषा सिकेपछि व्याकरण स्वतः सिकिन्छ भन्ने मान्यता रहेको छ । यसका साथै व्याकरण भाषासँग अन्तर्निहित हुने भएकाले यसलाई

भाषिक कुशलताको विकासका लागि उपयोगमा ल्याउने साधनको रूपमा लिइएको पाइन्छ । भाषावैज्ञानिकहरू व्याकरणलाई भाषाविज्ञानको एक महŒवपूर्ण एवम् मूलभूत अङ्गका रूपमा स्वीकाछन् र यसैका सहायताले भाषाका रूपगत एवम् वाक्यगत संरचनाको वर्णन र विश्लेषण गर्न सकिने धारणा राखी यसको सम्बन्ध भाषातत्वहरूसँग अभिन्न रूपमा गाँसिएको स्पष्ट गर्दछन् (शर्मा र पौडेल, २०६८ : २१७) ।  भाषा विना व्याकरणको कल्पना पनि गर्न नसकिने भएकाले व्याकरणलाई भाषासँग अलग गराएर जटिल तरिकाले शिक्षण गर्न खोज्दा भाषा शिक्षणमा कृत्रिमता आउने मात्र होइन अवैज्ञानिक र अव्यावहारिक तरिका अवलम्बन गरेको पनि प्रस्ट हुन्छ । व्याकरण भनेको सम्बन्धित भाषाका मूल वक्ताहरूको भाषा प्रयोगमा पाइने संरचनागत विशेषता हो ।

दोस्रो भाषा शिक्षणलाई प्रभावकारी बनाउन व्याकरण शिक्षणको प्रयोग गरिन्छ (पौडेल, २०६९ : २१८) । व्याकरण भाषाको तिनै आन्तरिक संरचना सम्बद्ध तत्व हो र यसले भाषाका तिनै आन्तरिक संरचना र नियमहरूको व्याख्या एवम् विश्लेषण गर्दछ । त्यसैले भाषाले व्याकरणलाई नभएर व्याकरणले भाषालाई पछ्याउँछ । यस परिप्रेक्ष्यमा व्याकरणलाई औपचारिक बौद्धिक विषयका रूपमा लिनु हुँदैन । प्रयोग, प्रसङ्ग, सम्प्रेषणात्मक उपयुक्तताका दृष्टिले ग्रहण गरी सोही अनुरूप सरल र सहज तरिकाले शिक्षण गर्नुपर्दछ । भाषाको शिष्ट एवम् स्तरीय प्रयोगका लागि शिक्षणीय तह र प्रयोजन अनुसार भाषाको प्रयोग र व्यावहारसँगै सम्बन्धित गराएर व्याकरण शिक्षण गरिनु उपयुक्त मानिन्छ ।

व्याकरण बढी सैद्धान्तिक एवम् नियममूलक हुने भएकाले अन्य विधाका तुलनामा यसको सिकाइमा नीरसता आउन सक्छ । त्यसैले व्याकरण शिक्षण गर्दा शिक्षकले विद्यार्थीहरूको रूचि, क्षमता, उमेर र व्यक्तिगत विभिन्नतालाई ख्याल गरेर उपयुक्त शिक्षण विधिको अवलम्बन गर्नुपर्ने हुन्छ । सकेसम्म शिक्षकले रोचक ढङ्गले शिक्षण गर्ने प्रयास गर्नुपर्दछ । यसका लागि व्याकरण शिक्षणको प्रयोजन के हो भन्ने कुरामा शिक्षक स्वयम् स्पष्ट हुनुपर्दछ । त्यसै गरी विद्यार्थीहरूमा पनि व्याकरणिक नियमहरू बुझ्नको लागि आवश्यक भाषिक पृष्ठभूमिको विकास भएको हुनुपर्छ । वास्तवमा विद्यार्थीहरूलाई भाषाका व्यवस्थाप्रति सचेत गराउने, भाषाका नियम ठम्याउने, भाषिक विशेषता पहिल्याउने, भाषाको शुद्ध रूपको प्रयोग गर्ने अन्य भाषाको संरचना तह र प्रयोग थाहा पाउने, स्थानीय भाषिक भेदबाट प्रभावित संरचनालाई छुट्याई मानक रूपको प्रयोग गर्न सक्षम बनाउने प्रयोजनले नै व्याकरण शिक्षण गरिन्छ । त्यस्तै व्याकरण शिक्षणको प्रयोजन भाषाका शुद्ध-अशुद्ध, शिष्ट-अशिष्ट, सही-

गलत, उपयुक्त-अनुपयुक्त प्रयोगलाई ठम्याउनु पनि हो । यसरी वास्तविक अर्थमा व्याकरण सिकाउनको प्रयोजन विद्यार्थीहरूलाई आफ्ना भाषामा अन्तर्निहित व्याकरणात्मक तत्वहरूको निरीक्षण गर्ने, परीक्षण गर्ने, व्याख्या-विश्लेषण गर्ने, शुद्ध एवम् परिष्कृत भाषा प्रयोग गर्ने क्षमताको विकास गर्न सक्ने तुल्याउनु हो ।

## २.३.४ व्याकरण शिक्षणको औचित्य

व्याकरण भाषाको अन्तर्निहित व्यवस्था भएकाले यसको शिक्षणले विद्यार्थीलाई भाषा प्रयोगका व्यवस्थागत पक्षप्रति सचेत गराउन, भाषामा भएका नियम ठम्याउन, आफ्ना प्रयोग र अरूबाट भएका प्रयोगमा व्याकरणात्मक नियमबाट भएका विचलनहरू पहिल्याइ सचेत हुनका साथै त्यस्ता विचलनबाट आफ्नो भाषा प्रयोगलाई बचाउन वा नियमित गर्न मद्दत मिल्छ तर व्याकरणले सबै किसिमका शिष्ट, अशिष्ट वा सही, गलत प्रयोगलाई ठम्याउने सुझ दिन पूर्णरूपले सक्दैन । यसबाट वाक्यगठन र शब्दरचना पक्षमा विशेष मद्दत प्राप्त हुन सक्छ । भाषा प्रयोगका समग्र उपयुक्तता, अनुपयुक्तताको समाधान व्याकरणले मात्र गर्न सक्छ । त्यसैले शिक्षित वर्गको भाषा प्रयोगलाई पछ्याउन उपयुक्त ठानिन्छ । व्याकरण औपचारिक शिक्षणमा केही हदसम्म उपयुक्त मानिन्छ । शैक्षणिक दृष्टिले सैद्धान्तिक रूपमा व्याकरण के कतिको उपयुक्त हुन्छ भन्ने कुरामा तर्क वितर्क भए पनि भाषामा व्याकरण शिक्षणको औचित्य छ ।

## २.३.५ व्याकरण र भाषा प्रयोग

व्याकरण पढ्नु वा पढाउनु भनेको एक किसिमले भाषाका नियमहरू पढ्नु वा पढाउनु नै हो भन्ने बुझिन्छ (पौडेल, २०६८ : २१७) । व्याकरण र भाषा एक अर्कासँग अन्तरसम्बन्धित छन् तर एउटै होइनन् । भाषा भनेको त्यो हो जुन हामी बोल्छौँ तर व्याकरण बोल्दैनौँ । व्याकरणको सैद्धान्तिक ज्ञान नभए पनि भाषा प्रयोग राम्ररी गर्न सकिन्छ वा भाषा राम्ररी जान्नेले पनि सैद्धान्तिक रूपमा व्याकरण नजानेको हुन सक्छ । जो भाषाको व्याकरणका विषयमा कुरा गर्न जान्दैन, त्यो शुद्ध भाषा बोल्न जान्दछ र व्याकरणका विषयमा कुरा गर्न जान्दछ । त्यसले शुद्ध भाषा बोल्न नजानेको पनि व्यवहारमा फेला पर्ने हुनाले उक्त कुराको पुष्टि हुन्छ । यसबाट के थाहा हुन्छ भने भाषिक शुद्धताका त्यस भाषाका व्याकरणको सैद्धान्तिक ज्ञानमा जोड दिनु भन्दा भाषा प्रयोगको अनुभवबाट जोड दिनुपर्छ । बोलेर, सुनेर,

पढेर र लेखेर हुने अनुभवबाट आत्मसाथ गरिएको व्याकरणात्मक सुझ व्याकरणको सैद्धान्तिक र औपचारिक सिकाइभन्दा निकै प्रभावकारी र महŒवपूर्ण हुन सक्छ । प्रयोगात्मक ढङ्गले सिकाइएका व्याकरण शिक्षार्थी जति राम्ररी र छिटो सिक्छ त्यसका तुलनामा व्याकरणको सैद्धान्तिक पठन पाठन निकै कम प्रभावकारी भएको पाइन्छ । व्याकरण विषयमा भएको सैद्धान्तिक ज्ञानले विद्यार्थीका मष्तिष्कलाई कम असर पार्छ र त्यसलाई प्रयोग तहमा पुऱ्याउन अझ कठिन हुन सक्छ । भाषाका वर्ण, रुप, शब्द, वाक्य वाक्यान्तरण आदिसँग सम्बन्धित भाषिक व्यवस्था र त्यसको उपयुक्त किसिमले गरिने शिक्षण नै व्याकरण शिक्षण हो (भण्डारी र अन्य, २०६८ : १९) । व्याकरण शिक्षणका क्रममा विद्यार्थीहरूको भाषिक पूर्वज्ञान निकै महŒवपूर्ण ठहर्छ उदाहरणका लागि पदमेल सम्बन्धी धारणा जान्न पहिले नै उनीहरूले संज्ञा र त्यसको लिङ्ग तथा वचन सम्बन्धी धारणा बुझ्नुपर्छ अनि मात्र त्यसको विशेषण, सर्वनाम आदिसँग सङ्गति मिलेको छ, छैन बुझ्न सकिन्छ, त्यस्तै कर्म वा भाववाच्य बुझ्न सकर्मक र अकर्मक क्रिया बुझ्न आवश्यक छ । जुनसुकै व्याकरणात्मक धारणाको सिकाइको सफलता त्यसको पूर्व आवश्यक ज्ञानमा भर पर्दछ ।

कुनै भाषाका शब्द, शब्दका विभिन्न रुप, तिनको संरचना विधि, वाक्य र त्यसका विभिन्न अङ्ग तथा तिनीहरूको पारस्परिक सम्बन्ध खुट्याउनुका साथै शब्द, वाक्यआदिको शुद्ध प्रयोग तथा वाक्य सम्बन्धी नियम र उदाहरणको सङ्कलन गर्ने शास्त्र भन्न सकिन्छ (नेपाली बृहत् शब्दकोश, २०६९ : ११७८) । शिक्षणका क्रममा खास पाठ्यपुस्तकमा विविध किसिमका अभ्यास गराउनाले वा प्रस्तुतीकरणमा विविधता तथा बढी समय दिनाले मात्र शिक्षण प्रभावकारी वा सफल हुन सक्दैन । शिक्षकले कुनै पनि व्याकरणात्मक धारणा सिकाउनुभन्दा पहिले विद्यार्थीहरूमा उक्त धारणा सिक्नका लागि पूर्व आवश्यक ज्ञान के कति छ सो ठम्याउनुपर्छ र छैन भने पूर्व आवश्यक ज्ञान गराइसकेपछि मात्र त्यसको उपयोग गरी नयाँ धारणाको ज्ञान गराउनु उपयुक्त हुन्छ । उपयुक्त ढङ्गले ज्ञान आधारविहीन हुन्छ, अनि शिक्षार्थीले त्यसलाई राम्ररी ग्रहण गर्न सक्दैन र ग्रहण गरिहाल्यो भने पनि पछि छिट्टै बिर्सने हुन्छ । व्याकरणात्मक पाठ्यपुस्तक शिक्षणका क्रममा पूर्व आवश्यक ज्ञानका लागि खर्च गरिने समय कहिल्यै बेकार हुँदैन । बरू पूर्वआवश्यक ज्ञान वा पूर्वानुमानलाई ध्यान नदिई व्याकरणात्मक तत्वहरू सिकाउँदा खर्च गरिने समय बेकार हुन सक्छ ।

### २.३.६ व्याकरण र भाषा पाठ्यपुस्तकको सम्बन्ध

भाषा सिकाइमा व्याकरण सम्बन्धी सिकाइ शुद्धताको कार्यकलापको सहाराका रूपमा लिइन्छ । व्याकरण सिकाइ अभ्यासमा आवृत्तिबाटै समृद्धशाली भएको पाइन्छ । व्याकरण सिकाइ अरू सिपहरूको दक्षता हासिल गर्न व्याकरणको अभ्यास नगरी सम्भव हुदैंन । शरीरमा नसाको महŒव भएझैँ भाषाका लागि व्याकरणको महŒव हुन्छ (शर्मा र पौडेल, २०६८ : २१७) । सिकाइलाई गतिशील र प्रभावकारी तुल्याउने उद्देश्यले व्याकरणसम्बन्धी अभ्यासको निर्माण भएको हुन्छ । भाषा पाठ्यपुस्तकमा व्याकरण रहन्छ । पाठ्यविषयको सबलीकरण, बोध र नयाँ सामग्रीको प्रयोग एवम् सिप वृद्धि गर्नमा व्याकरण सम्बन्धी अभ्यास ज्यादै लोकप्रिय हुन्छ । भाषाका शब्द-वाक्य आदिको संरचना शुद्धता आदि निरुपण गर्ने नियम-शास्त्र विधा, वेदका छ अङ्गमा एक, व्याख्या गर्ने नियम नै व्याकरण हो (शर्मा, २०६७ : ७७०) । पाठ्यविषयको सिकाइबाट विद्यार्थीले कति सिके ? र के सिके ? भन्ने भनाइको अवगतका निम्ति शिक्षणीय विषयको मूल्याङ्कन गरी सफलताका निम्ति पाइला चाल्नु वाञ्छनीय हुन्छ । विद्यार्थीहरूका अशुद्धि र अन्यौललाई समाप्त पार्न व्याकरण सम्बन्धी अभ्यासमा आधारित पक्षले निर्देशनको भूमिका निर्वाह गरेको हुन्छ जसले गर्दा सिकाइलाई गति प्रदान गर्दछ ।

निम्न माध्यमिक तहदेखि क्रमशः सरल, जटिलको क्रममा आगमनात्मक तरिकाले व्याकरणात्मक सुझ विकास गरी सामान्य नियम निर्माण र पालन गर्न सक्ने अभिप्राय राखेर व्याकरणात्मक प्रयोग र भाषा पाठ्यपुस्तकमा शैक्षणिक विषय र शैक्षिक सामाग्रीको लागातार व्याकरण सम्बन्धी अभ्यासले आवृत्तिको उद्देश्य र व्याकरण सम्बन्धी अभ्यासको व्यवस्था मिलाइएको हुन्छ । यसमा भाषाका विभिन्न पक्ष भाषिक सिपको वृद्धिमा निर्भर हुने हुँदा भाषिक संरचना, अभिनय, लिखित तथा मौखिक क्रियाकलाप, गृहकार्य र आवश्यक व्याकरण सहितको एउटा शिक्षणीय नमुना सङ्कलन रहन्छ । त्यसमा व्याकरणसम्बन्धी सिपको विकास हुने गरी शैक्षिक सामग्रीको तयारी गरिएको हुन्छ, जसले गर्दा भाषिक सिप लगायत ज्ञान धारणालाई एकाग्र रूपमा विस्तार गर्न सकियोस् भन्ने अभिप्रायले व्याकरणका अभ्यासहरूको निर्माण गरिएको हुन्छ । अभ्यासलाई अघि बढाइनु आवश्यक र उचित मानिन्छ (शर्मा र पौडेल, २०६८ : २१९) । अभ्यासमा प्रयोग गरिने सामाग्रीहरू 'गर' र 'सिक' भन्ने धारणाबाट समावेश गरिएका हुन्छन् । जसलाई व्याकरणका सिप वृद्धि सँगसँगै गृहकार्यका सामग्रीहरूका रूपमा लिन सकिन्छ । यस्ता सामग्रीहरू व्याकरणसँग समन्वयात्मक रूपमा मिलान हुने गरी राखिन्छन्, जसद्वारा पाठ्य

विषयका सामग्रीहरूसँग एकीकृत गराउनु पर्दछ । यसका निम्ति छुट्टै पाठ्यपुस्तकको अपेक्षा चाँहि राखिएको देखिदैन । गृहकार्य, परीक्षण, निर्देशन, पुनरावृत्ति र प्रोत्साहन आदि कार्यमा सहयोग गर्न पाठ्यपुस्तकमा व्याकरणसम्बन्धी अभ्यासको क्षेत्र छुट्टै तोकिएको पाइन्छ । अतः प्रमुख अंशहरू पाठ्यक्रममा लक्ष्यअनुरूप उद्देश्यपूर्ति हुने ध्येयले तयार गरिएको हुन्छन् । तसर्थ भाषाको पाठ्यपुस्तकमा कुनै लेख रचना मुख्य अंशका रूपमा सङ्कलित हुने गर्छ भन्ने चाँहि छैन । भाषाको पाठ्यपुस्तकमा व्याकरण सम्बन्धी अंश सबभन्दा महŒवपूर्ण स्तम्भका रूपमा रहेका हुन्छन् ।

भाषाको पाठ्यपुस्तकमा समाविष्ट पाठका आधारमा व्याकरण अभ्यास प्रस्तुत गर्ने गरिन्छ । भाषाको पाठ्यक्रमका उद्देश्यहरू र पाठ्यसामग्रीको समष्टिगत रूप प्रतिनिधित्व हुने गरी व्याकरण अभ्यासको तयारी गर्न आवश्यक हुन्छ । पाठ्यक्रम तयारी नै सिपमूलक दृष्टिले गरिएको खण्डमा व्याकरणका अभ्यास पनि सोही अनुरूपको हुनुपर्छ भाषा पाठ्यपुस्तकमा राखिने व्याकरण अभ्यास भाषिक सामग्री र पठनबोधसँग सम्बन्धित हुनु पर्दछ । भाषिक सामग्री भन्नाले वाक्य रचना, भाषा तत्व वा व्याकरणलाई लिन सकिन्छ । व्याकरण अन्तर्गत पाठमा आधारित विषयवस्तु सम्बन्धी विभिन्न प्रकृतिका प्रश्नहरू पर्दछन् । व्याकरणका अभ्यासलाई विभिन्न कोणबाट प्रस्तुत गरी शिक्षार्थीलाई व्यस्त राख्न सकेमा मात्र भाषा पाठ्यक्रम तथा पाठ्यपुस्तकका उद्देश्यहरू सफल हुने देखिन्छ । यसकारण व्याकरण र भाषा पाठ्यपुस्तकको नङ र मासुको जतिकै घनिष्ट सम्बन्ध रहेको पाइन्छ ।

## २.३.७ व्याकरण शिक्षणका समस्या

नेपाली व्याकरण स्थिति ज्यादै दयनीय अवस्थामा छ । बजारमा गुणस्तरहीन व्याकरणका पुस्तकहरू त पाइन्छन् तर गुणयुक्त र भरपर्दा व्याकरणका अवस्था आइसल्यान्डको सर्प सरह देखिन्छ ( पौडेल, २०६९ : २२३) । भाषाको समस्या भनेको नै व्याकरण समस्या हो व्याकरण शिक्षण आफैँमा समस्यै समस्याको पुञ्ज हो । नेपालमा नेपाली भाषा शिक्षणको परम्परा त्यति लामो छैन तापनि यो भाषाको अपरिहार्यताको स्थितिले नेपाली भाषाशिक्षणको ठूलो महŒव रहेको छ । ५० प्रतिशत भन्दा बढी नेपालीको मातृभाषा तथा ९० प्रतिशतभन्दा बढी नेपालीको मातृभाषाको रूपमा रहेको नेपाली व्याकरण लेखन र शिक्षणको महŒवपूर्ण भूमिका हुन्छ  तर विडम्बना नेपाली भाषामा शैक्षणिक व्याकरण त के वर्णनात्मक व्याकरण पनि निर्माण हुन सकेको छैनन् । यसले नेपाली भाषाशिक्षणको

दयनीय अवस्थाको स्पष्ट तस्वीर देखाउँछ । व्याकरण शिक्षणका क्रममा विभिन्न समस्या देखा पर्दछन् । जुन निम्न छन् :

संस्कृत व्याकरण परम्परागत रूद्री, चण्डी, वेद लगायतका ग्रन्थ तथा संस्कृत मात्र पढेका व्यक्तिहरूले नेपाली पढाइरहेको अवस्था कायम रहेको छ । संस्कृत व्याकरण परम्परा अनुसार शुद्धाशुद्धीलाई मात्र व्याकरण मानेर त्यसैको मात्र शिक्षण गर्ने परम्परा कायम रहेको छ । नेपाली भाषाको भाषावैज्ञानिक अध्ययन र अनुसन्धान गर्नतर्फ चासो दिने व्यक्तिको अभाव भएको छ । वर्तमान समयमा नेपाली भाषाको नवीन प्रयोग अवस्थालाई आधार बनाएर सर्वमान्य मानक व्याकरण निर्माण गर्न नसक्नु रहेको छ । नेपाली भाषाको व्यापक र भाषावैज्ञानिक दृष्टिले अध्ययन अनुसन्धान हुन बाँकी रहेको छ । आज पनि 'मध्यचद्रिका' व्याकरणलाई मानक मानेर अध्ययन अध्यापन गर्न नछाड्नु रहेको पाइन्छ । भाषा र व्याकरणलाई अलग-अलग छुट्याएर शिक्षण गर्ने परम्परागत व्याकरणको मान्यताले आज सम्म पनि निरन्तरता पाइरहेको छ । व्याकरणका पाठ्यवस्तुलाई छनोट, स्तरण र प्रस्तुतीकरण गर्नमा व्यवहारिक ज्ञानको अभाव रहेको छ । व्याकरणका विषयवस्तुलाई विद्यार्थीका स्तर अनुकूल बनाउने क्रममा समस्या देखापरेको छ । भाषाको विकासमा राज्यको उचित चासो नदिनु रहेको छ आदि ।

## २.३.८ व्याकरण शिक्षणका प्रमुख विधिहरू

व्याकरण भाषाको नियम भएकाले यसलाई विभिन्न विधिहरूको प्रयोग गरी व्याकरण शिक्षण गराउन सकिन्छ । व्याकरण शिक्षणमा प्रचलित विधिहरू मोटामोटी निम्न लिखित चार किसिमका देखिन्छन् । ती निम्न छन् :

### (क) निगमन विधि

नियमीकरण, उदाहरण, प्रयोग र अभ्यासका क्रममा निर्देशित व्याकरण शिक्षण विधि नै निगमन विधि हो (शर्मा र पौडेल, २०६८ : २२८) । नियम, सूत्र तथा सिद्धान्तमा गमन गर्ने वा हिड्ने हुनाले नै यसलाई निगमन विधि भनिएको हो । भाषा शिक्षणको निगमनात्मक पद्धत्तिसँग निकटता राख्ने यो विधि व्याकरण शिक्षणको सबैभन्दा पुरानो विधि हो । यसले व्याकरणलाई भाषाबाट अलग्याएर औपचारिक

रूपमा शिक्षण गर्न निर्देशित गर्छ । यसलाई सूत्रात्मकता, परिभाषा विधि पनि भनिन्छ । यसलाई घोकन्ते वा रटन्ते विधि पनि भनिन्छ । कण्ठस्थीकरण, शिक्षक केन्द्रितता, औपचारिक विधि, सङ्क्षिप्तता, उच्च कक्षाका लागि उपयोगी कम खर्चिलो, कम समय लाग्ने, भिन्न पाठ्यपुस्तकको आवश्यकता यस विधिका विशेषता हन् ।

### (ख) आगमन विधि

निगमन विधिको ठिक विपरीत उदाहरणीकरण, स्पष्टीकरण, नियमीकरण, अभ्यास र आवृत्तिको क्रममा व्याकरण शिक्षण गर्ने विधिलाई आगमन विधि भनिन्छ (शर्मा र पौडेल, २०६८ : २३०) । नियमतर्फबाट प्रस्थान नगरी उदाहणतर्फबाट नियमतिर पुग्ने विधि भएकाले यसलाई आगमन विधि भनिएको हो । यसले प्रयोग र व्यवहारका रूपमा व्याकरण शिक्षण गर्न जोड दिन्छ । मनोवैज्ञानिक सिकाइका सिद्धान्त अनुरूप सरलबाट-जटिल, ज्ञातबाट-अज्ञात मूर्तबाट-अमूर्त शिक्षण 'सूत्र' अगालेर शिक्षण गर्ने यस विधिले जोड दिन्छ । यस विधिले सरल तरिकाले जटिल व्याकरणात्मक धारणाहरू स्थायी रूपले विद्यार्थीमा बसाल्न कोशिस गर्छ । यसले विद्यार्थीका मनोवैज्ञानिक पक्ष पूर्व भाषिक अनुभव, रूचि, आवश्यकता, स्तर आदि अनुकूल हुने प्रभावकारी उपयोगी व्याकरण शिक्षण गर्न जोड दिन्छ । भाषाबाट व्याकरणलाई अलग नगरी भाषाभित्र व्याकरणको खोजी गर्ने कार्य गर्दछ । आधुनिक शिक्षण सिकाइका सिद्धान्तहरूलाई आत्मसात गरेर प्रयोगमा ल्याइएको हुनाले यो विधि व्याकरण शिक्षणको सबैभन्दा उपयुक्त र वैज्ञानिक विधि पनि मानिन्छ ।

### (ग) भाषा संसर्ग वा प्रत्यक्ष भाषा विधि

यो विधि पनि व्याकरण शिक्षणको आधुनिक विधि हो । भाषा संसर्ग विधि र प्रत्यक्ष विधिको संयुक्त मिश्रणबाट यो विधि तयार भएको देखिन्छ (ढकाल, २०६४ : ३०६) । यो विधि विशेष गरी प्रथमिक तह र दोस्रो भाषा सिक्ने विद्यार्थीका लागि व्याकरण शिक्षण गर्न उपयुक्त मानिन्छ । यसका आगमन विधिका कतिपय विशेषताहरू पनि विद्यमान रहेका देखिन्छन् । यस विधिले भाषा र व्याकरणलाई बिल्कुल अभिन्न ठान्छ । यसले व्याकरणको औपचारिक र पहिचानात्मक सिकाइलाई पटक्कै विश्वास गर्दैन । विद्यार्थीले सिकेको भाषालाई त्रुटि रहित बनाउनु मै यो विधि बढी मात्रामा केन्द्रित रहेको देखिन्छ । यो विधि सामान्यतः माध्यमिक तहका पछिल्ला कक्षा र विशेषतः उच्च तहका

लागि त्यति उपयुक्त देखिदैन । व्याकरणको औपचारिक शिक्षण विना नै भाषाको सिप विकास गर्न तथा भाषामा देखापर्ने उक्त विधिमा रहेको छ । पहिलो र दोस्रो भाषा सिक्नका निमित्त प्रारम्भिक अवस्थामै भाषा संसर्ग विधिलाई निकै महŒवपूर्ण मानिन्छ । भाषा पाठ्यपुस्तकका आधारमा व्याकरणको शिक्षण गर्ने तरिकालाई पाठ्यपुस्तक विधि भनिन्छ (ढकाल, २०६८ : २१३) । भाषा संसर्ग विधिले शिक्षार्थीहरूमा भाषाको स्वभाविक सिकाइ प्रक्रियालाई सङ्केत गरेको कुरा भाषाको सिकाइ भाषाबाट हुन्छ । व्याकरणको सिकाइ पनि भाषा संसर्गबाट नै हुन्छ भन्ने भनाइबाट पनि स्पष्ट हुन्छ । व्याकरणात्मक तत्व र नियमीकरणको अभाव पनि यस विधिको नकारात्मक पक्ष मान्न सकिन्छ । त्यसैले यो विधि उपल्ला कक्षाहरूमा व्याकरण शिक्षण गर्न व्यक्ति उपयुक्त नभएको हो ।

### (घ) भाषा पाठ्यपुस्तक विधि

भाषा पाठ्पुस्तकबाट पाठगत वा विधागत प्रयोग प्रसङ्गका आधारमा व्याकरण शिक्षण गर्ने विधिलाई भाषा पाठ्यपुस्तक विधि भनिन्छ । यसलाई आगमन र प्रत्यक्ष भाषा विधिको समिश्रित विधिका रूपमा पनि चिनिन्छ (शर्मा र पौडेल, २०६८ : २३२) । यस विधिले 'व्याकरण भाषाभित्र छ र भाषा व्याकरणबद्ध छ' भन्ने दृष्टिकोण राख्छ । यस विधिको मुख्य मर्म विद्यार्थीलाई प्रत्यक्ष ढङ्गको व्याकरण सिकाउनुभन्दा सम्बन्धित भाषा पाठ्यपुस्तकबाटै सिकाउँदा प्रासङ्गिकतता, रोचकता र प्रभावकारिताको समेत सिर्जना हुन्छ भन्ने हो । यस विधिले परम्परागत तत्वहरूका आधारमा व्याकरण सिकाउन जोड दिन्छ साथै सम्बन्धित पाठका सम्बन्धित व्याकरणात्मक तत्व र प्रसङ्गहरूको उपयोग गरेर व्याकरण शिक्षण गर्ने प्रक्रियाको अवलम्बन गर्न निर्देशित गर्छ । भाषा पाठ्यपुस्तकलाई भाषाका विभिन्न सिपको विकास गर्न उपयोगमा ल्याइन्छ । व्याकरणात्मक धारणाहरूलाई प्रयोजनमूलक ढङ्गले सिकाउने कुरामा पाठ्यपुस्तकहरूलाई उन्मुख हुनु नै यसको प्रमुख विशेषता मान्न सकिन्छ । प्रत्येक पाठका अन्त्यमा गराइने व्याकरणात्मक अभ्यासहरू न्यूनतम हुनु आवश्यक छ र ती पनि उक्त पाठका मूल अंशसँग सम्बद्ध हुनाका साथै त्यसमा प्रशस्त उपयोग गरिएको हुनुपर्छ ।

## २.३.९.१ व्याकरण शिक्षणका प्रक्रिया

माथि उल्लेखित प्रमुख प्रचलित विधि बाहेक व्याकरण शिक्षणका प्रसङ्गमा नवीन सोच र सिद्धान्तहरू पनि नेपाली शिक्षणमा भित्रिन थालेको देखिन्छन् । एकातिर भाषाका विशेषता र प्रयोग

सन्दर्भका आधारमा व्याकरणका नवीन सोचहरू जन्मिन थालेका छन् भने अर्कातिर भाषिक तत्वहरूले गर्ने कार्यका आधारमा कार्यमूलक ढङ्गले व्याकरण शिक्षण गरिनु पर्छ भन्ने दृष्टिकोणहरू पनि क्रमशः प्रवेश गर्न थालेको पाइन्छन् ।

प्राथमिक र माध्यमिक तहका भाषा पाठ्यक्रमहरूमा व्याकरणलाई कार्यमूलक ढङ्गले शिक्षण गर्ने भन्ने खालका जानकारीहरू पनि दिन थालिएको देखिन्छ । नामिक शब्दले गर्ने कार्य, क्रियायोगिक शब्दले गर्ने कार्य तथा सूक्ष्मभन्दा सूक्ष्म भाषिक एकाइदेखि लिएर उच्चतम भाषिक एकाइहरूले गर्ने व्याकरणात्मक कार्यहरू रचिन थालेको सङ्केत मिल्छ र त्यसै अनुरूपका प्रक्रियागत कार्यकलापहरूको तय गरेर व्याकरण शिक्षण गर्ने प्रयास भई रहेको प्रायः देखिन थालेको छ ( शर्मा र पौडेल, २०६८ : २३३) । भाषाका प्रकार्यपरक एवम् सम्प्रेषणात्मक कार्यका आधारमा व्याकरणात्मक सुझ र सचेतताको विकास गरी प्रयुक्तिगत विशिष्टता समेत प्रभावकारी ढङ्गले हासिल गर्न सकिन्छ भन्ने सोचले पनि वर्तमान समयमा महŒवपूर्ण प्रश्रय पाएको छ । त्यसैले प्रकार्यपरक एवम् सम्प्रेषणात्मक विधि र पद्धति अनुरूपका व्याकरणात्मक सुझ र सचेतता सिकाउने प्रेरक अभिप्राय लिएर नवीन प्रक्रियाका रूपमा व्याकरण शिक्षण गर्ने विधिहरू भित्रिन थालेका छन् । भलाकुसारी, प्रश्न, अनुरोध, निवेदन, छलफल, वक्तृता, संवाद, संवेदना, सान्त्वना, सहानुभूति, जिज्ञासा, रहर, प्रेम र बात्सल्य आदि । प्रकार्यपरक एवम् सम्प्रेषणमूलक भाषिक प्रयुक्तिका विशेषताहरूसँग सम्बद्ध गराएर तिनै प्रसङ्गसित व्याकरणात्मक शुद्धता र उपयुक्तताको सोच र सिप विकास गर्ने व्याकरणात्मक ध्येय यस्ता नवीन पद्धतिहरूले अँगालेका पाइन्छन् ।

# अध्याय तिन

# अध्ययन विधि र प्रक्रिया

## ३.१ अध्ययनको ढाँचा

कुनै पनि अनुसन्धानात्मक कार्यलाई प्रभावकारी तवरले अध्ययन विश्लेषण गरी गन्तव्यमा पुग्नका लागि खास किसिमका तौर तरिका अवलम्बन गर्नुपर्ने हुन्छ । अनुसन्धान प्रक्रियालाई अनुसन्धानको लक्ष्यसम्म पुग्नका लागि बनाइएको विस्तृत योजनालाई अध्ययन/अनुसन्धानको ढाँचा भनिन्छ । अनुसन्धान एक जटिल एवम् व्यवस्थित कार्ययोजना हो । अध्ययनको ढाँचा अनुसन्धानको पूर्वयोजना हो । यसले अनुसन्धान कार्यलाई मार्ग निर्देशन गर्दछ । कुनै पनि अनुसन्धानात्मक कार्य गर्दा योजनाबिना सम्भव हुँदैन । अनुसन्धान योजनामा विषयको छनोट देखि लिएर समस्याको पहिचान तथ्याङ्क तथा विश्लेषण, निष्कर्ष प्रतिपादन र उक्त निष्कर्षलाई वैज्ञानिक रूपमा प्रस्तुत गरिन्छ । यस किसिमको अनुसन्धान ढाँचालाई ब्लु प्रिन्टको रूपमा समेत लिन सकिन्छ । शोधपत्रको ढाँचा वा संगठन निर्धारित खालको हुनु पर्ने भए पनि त्यसभित्रको लेखाइ उन्नत र वस्तुनिष्ठ शैलीको हुनु पर्दछ (भण्डारी र ओझा, २०६९ : १२५) ।अनुसन्धान कार्यको प्रारम्भ गर्नुभन्दा अगाडि समग्र अनुसन्धान कार्यको सम्बन्धमा अनुसन्धान कर्ताले तयार पारेको रूपरेखालाई नै अनुसन्धानको ढाँचा भनिन्छ । त्यसैगरी अनुसन्धानका लागि आवश्यक पर्ने तथ्याङ्कको सङ्कलन तथा विश्लेषण गर्ने कार्य थोरै खर्चमा पूर्ण हुन सकोस् भनी बनाइएको प्रक्रिया नै अनुसन्धान ढाँचा हो (भट्टराई, २०६८ : १३०) । अनुसन्धान कसरी गर्ने, के-कस्ता साधनहरूको प्रयोग गर्ने, तथ्याङ्क विधि के हुने, सूचना सङ्कलन कसरी गर्ने भन्ने कुरा अध्ययनको उद्देश्यका आधारमा नै अनुसन्धान ढाँचाको निर्धारण गरिन्छ । सबै किसिमको अनुसन्धानमा एउटै र समान प्रकृतिको अनुसन्धान ढाँचा प्रयोग नहुन सक्छ । अनुसन्धानको प्रकृति, विषय उद्देश्य, क्षेत्र आदिका आधारमा अनुसन्धान ढाँचाको प्रयोग गरिनु पर्दछ । अनुसन्धान ढाँचाहरू विभिन्न प्रकारका हुने हुँदा आफ्नो शोधलाई आवश्यक हुने अनुसन्धान ढाँचाको छनौट गर्नुपर्दछ ।

'कक्षा नौको नेपाली पाठ्यपुस्तकमा समाविष्ट कार्यमूलक व्याकरणको विश्लेषण' नै यस शोधको उद्देश्य रहेको छ । यस अध्ययनको उद्देश्य पुरा गर्नका लागि र अध्ययनलाई व्यावहारिक र वस्तुनिष्ठ

बनाउन पुस्तकालयीय विधिको प्रयोग गरिएको छ । अध्ययन 'कक्षा नौको नेपाली पाठ्यपुस्तकमा समाविष्ट कार्यमूलक व्याकरणको विश्लेषण' रहेको छ ।

## ३.२ अध्ययनको क्षेत्र

कक्षा नौको नेपाली पाठ्यपुस्तकलाई अध्ययनको क्षेत्र बनाइएको छ । यस पाठ्यपुस्तकको अध्ययन कार्यमूलक व्याकरणको विश्लेषणमा केन्द्रित रहेको छ ।

## ३.३ तथ्याङ्क स्रोत सामग्री

प्रस्तुत शोधकार्यका क्रममा निम्नलिखित दुई किसिमका स्रोतहरूबाट तथ्याङ्क सङ्कलन गरिएको छ :

### (क) प्राथमिक सामग्री

प्रस्तुत शोधकार्य 'कक्षा नौको नेपाली पाठ्यपुस्तकमा समाविष्ट कार्यमूलक व्याकरणलाई प्राथमिक सामग्रीका रूपमा लिइएको छ ।

### (ख) द्वितीयक सामग्री

प्रस्तुत शोधकार्यमा द्वितीयक सामग्रीका रूपमा शोध शीर्षकसँग सम्बन्धित विभिन्न शोधपत्रहरूबाट सामग्री सङ्कलन गरिएको छ । कार्यमूलक व्याकरण र यससँग सम्बन्धित पाठ्यपुस्तक, व्याकरणिक कोणबाट व्याख्या विश्लेषण गरिएका पाठ्यवस्तु, व्याकरणसँग सम्बन्धित तथ्य एवम् सूचनाहरू प्रकाशित खोजमूलक लेखहरू सुझाब प्रतिवेदनहरू आदि रहेका छन् । मुख्यतः पुस्तकालयीय विधिलाई आधार बनाएर अध्ययन विश्लेषण गरिएको छ ।

## ३.४ तथ्याङ्क सङ्कलन

तथ्याङ्क सङ्कलन पद्धति अनुसन्धानका लागि आवश्यक पर्ने महत्त्वपूर्ण प्राथमिक सामग्री अन्तर्गत 'कक्षा नौको नेपाली पाठ्यपुस्तकमा समाविष्ट कार्यमूलक व्याकरणको विश्लेषण' रहेको छ । द्वितीयक सामग्रीका रूपमा व्याकरणको परिचय, कार्यमूलक व्याकरणको परिचय, कार्यमूलक व्याकरणको

महत्व र उद्देश्य व्याकरणको समस्या, व्याकरण र भाषा प्रयोग, व्याकरण शिक्षण विधि र प्रक्रिया, सम्बन्धित पाठ्यपुस्तक र खोजमूलक लेख र रचनाका आधारमा 'कक्षा नौको नेपाली पाठ्यपुस्तकमा समाविष्ट कार्यमूलक व्याकरणको विश्लेषण' गरिएको छ । साथै सम्बन्धित विज्ञहरूबाट पनि आवश्यक परामर्श लिएर सूचना सङ्कलन गरिएको छ ।

## ३.५ विश्लेषण प्रक्रिया

तथ्याङ्क विश्लेषण अध्ययन अनुसन्धानको महत्त्वपूर्ण पक्ष हो । विभिन्न स्रोतहरूबाट प्राप्त जानकारीलाई व्याख्या विश्लेषण गरी अन्तिम निष्कर्षमा पुग्न सकिन्छ । यस अनुसन्धानलाई निश्चित उद्देश्य प्राप्ति र निष्कर्षमा पुऱ्याउन मुख्यतः पुस्तकालयीय अध्ययन विधिको प्रयोग गरी सामाग्री सङ्कलन गरिएको छ । सङ्कलित सामग्रीको अध्ययन विश्लेषणका क्रममा सैद्धान्तिक आधार तयार पार्न विभिन्न  पाठ्यपुस्तक शब्दकोश साथै प्रकाशित र अप्रकाशित शोधपत्रहरूबाट सामग्री लिएको छ । सामग्री सङ्कलन गरी सकेपछि पुस्तकालयीय विधिलाई आधार बनाएर अध्ययन विश्लेषण गरिएको छ । आवश्यकता अनुसार तालिकीकरण गरिएको छ । प्रस्तुत शोधको मूल्याङ्कन गर्दा कक्षा नौको पाठ्यपुस्तकमा भएका व्याकरणिक कोटिका आधारमा विश्लेषण गरी कार्यमूलक व्याकरणको मूल्याङ्कन गरिएको छ ।

# अध्याय : चार

# व्याख्या र विश्लेषण

## ४.१ विषय प्रवेश

अध्याय चारमा कक्षा नौको नेपाली पाठ्यपुस्तकभित्र पर्ने सम्पूर्ण पाठका कार्यमूलक व्याकरण खण्डमा रहेका व्याकरणिक कोटिलाई व्याख्या विश्लेषण र प्रयोगका पक्षलाई स्पष्ट पारिन्छ । जसलाई निम्नलिखित तालिकामा उल्लेख गरिन्छ :

पाठगत कार्यमूलक व्याकरणको व्याख्या तथा विश्लेषण

| क्र.स. | शीर्षक | विधा | व्याकरणिक कोटि |
|---|---|---|---|
| १ | अनारको बोट | कथा | भूतकाल |
| २ | यात्रा सुरु गरौँ | कविता | नाम र विशेषण |
| ३ | सङ्गीतिज्ञ रामशरण दर्नाल | जीवनी | पद सङ्गति |
| ४ | म को हुँ ? | निबन्ध | सर्वनाम |
| ५ | मानव बेचबिखन विरुद्ध हाम्रो दाहित्व | रुपक | क्रियापद, क्रियायोगी, विस्मयादीबोधक, वाक्य संश्लेषण र विश्लेषण |
| ६ | बहिनीलाई चिठी | चिठी | भविष्यत् काल र भविष्यत् कालका पक्षको पहिचान र प्रयोग |
| ७ | निद्रा | कथा | वर्तमान काल र वर्तमानका पक्षको पहिचान विशेषण र क्रियापद |
| ८ | वसन्त कोकिल | कविता | लिङ्ग, वचन, पुरुष, आदर, करण र अकरण, काल, पक्षका आधारमा वाक्य परिवर्तन, उपसर्गद्वारा शब्द निर्माण |
| ९ | जैविक खेती | निबन्ध | कारक विभक्ति |
| १० | मङ्गलाका तिन दिन | दैनिकी | विभक्ति र द्वित्व शब्दहरु तथा सामान्य धातु र नाम धातु तथा वर्ण विन्यास |
| ११ | डाक्टर अङ्कल | कथा | कृदरन्त र तद्दितान्त शब्दहरु तथा अपूर्ण पक्ष |
| १२ | आङ सान सुकी | जीवनी | समस्त शब्दहरु, पूर्ण पक्ष तथा धातु रुपावली |
| १३ | सय रङ इन्द्रेनी | कविता | लेख्य चिह्न, धातु, रुपावली तथा भूत कालका अभ्यस्त र अज्ञात पक्षहरु |
| १४ | महिला हिंसा | रुपक | वर्ण विन्यास तथा वाक्यका प्रकार |
| १५ | छात्रावास | चिठी | वर्ण विन्यास र विभक्ति नियम तथा भावको प्रयोग |
| १६ | बन्धनबाट मुक्ति | कथा | वाच्य र वर्ण विन्यासको प्रयोग |

## ४.२ पाठगत कार्यमूलक व्याकरणको व्याख्या

कक्षा नौको नेपाली पाठ्यपुस्तकभित्र पर्ने 'अनारको बोट' कथाको कार्यमूलक व्याकरण खण्डमा भूतकालको स्पष्ट अवधारणा दिइएको छ । यहाँ उदाहरण दिई भूतकालका वाक्य दिई भूतकालका ( सामान्य, अपूर्ण, पूर्ण, अज्ञात र अभ्यस्त) पक्षहरु उल्लेख गरी स्पष्ट अवधारणा दिइएको पाइन्छ ।

विशेषणको स्पष्ट अवधारणा सिकाउन 'यात्रा सुरु गरौं' कवितामा दिइएको छ । अनुच्छेद उल्लेख गरी विशेषणको अवधारणा स्पष्ट पार्ने विभिन्न शब्दहरुको लागि तालिकाद्वारा स्पष्ट पारिएको छ । पाठमा प्रयोग भएका विशेषण शब्द खोजेर लेख्नु भनिएको छ ।

पद सङ्गति 'रामशरण दर्नाल'को जीवनीमा कार्यमूलक खण्डमा समावेश गरिएको लिङ्ग, वचन, पुरुष, आदरगत पद सङ्गतिलाई उदाहरणसहित चिनारी गराउने गरिएको छ । अनुच्छेदमा विभिन्न वाक्यहरु उल्लेख गरी पदसङ्गति मिलाउन भनिएको छ । आफ्नो परिवारको पदसङ्गति मिलाइ वयान गर भनिएको छ ।

सर्वनाम, संयोजक र निपातलाई 'म को हुँ' निबन्धको कार्यमूलक व्याकरण खण्डमा समावेश गरिएको छ । रेखाङ्कन गरिएका सर्वनाम चिनारी गर्न भनिएको छ । पाठका विभिन्न अनुच्छेद उल्लेख गरी संयोजक र निपातलाई छुट्टाछुट्टै छुट्याउन भनिएको छ । पाठका आनुच्छेद कक्षाकोठाको वर्णन तथा साथीको वर्णन गर्न भनिएको छ ।

क्रियापद, क्रियायोगी, विस्मयादीबोधक, वाक्य संश्लेषण र विश्लेषणको अवधारणा 'मानव बेचबिखन विरुद्ध हाम्रो दाहित्व' वक्तृत्वको कार्यमूलक व्याकरण खण्डमा समावेश गरिएको छ । जसमा विभिन्न अनुच्छेद उल्लेख गर्दै क्रियापद, क्रियायोगी, विस्मयादीबोधक आदिको रेखाङ्कन गरी छुट्याउन र वाक्यको प्रयोग गर्न भनिएको छ । वाक्य संश्लेषण तथा वाक्य विश्लेषणमा हुने फरक पत्ता लगाउन र क्रियाकलाप गर्न विभिन्न वाक्यहरु अभ्यासका रुपमा दिइएको पाइन्छ ।

भविष्यत् काल, भविष्यत् कालका पक्षहरुको पहिचान र प्रयोग 'बहिनीलाई चिठी' पाठको कार्यमूलक व्याकरण खण्डमा समावेश गरिएको छ । जसमा विभिन्न पक्षसँग सम्बधित वाक्य उल्लेख गरी पूर्णपक्षसँग सम्बन्धित छन् छुट्याउन भनिएको छ । अन्य अरु पाँच ओटा वाक्य बनाउन भनिएको छ ।

वर्तमान कालका विभिन्न पक्षहरु 'निद्रा' कथाको कार्यमूलक व्याकरणमा उल्लेख गरिएको पाइन्छ । जसमा विभिन्न अनुच्छेद उल्लेख गर्दै तालिकाद्वारा स्पष्ट गर्न भनिएको छ । पाठका विभिन्न

अनुच्छेदबाट कालका पक्षमा बदल्न भनिएको छ । सङ्केतका आधारमा खाली ठाउँ भर्न भनिएको छ । समूह समूह बनाएर विशेषण छान्न भनिएको छ ।

लिङ्ग, वचन, पुरुष, आदर, करण/अकरण, काल, पक्ष र उपसर्गद्वारा शब्द निर्माण 'वसन्त कोकिल' कविताको कार्यमूलक व्याकरणमा उल्लेख गरिएको छ । जसमा विभिन्न उदारण उल्लेख गर्दै विभिन्न सङ्केतका आधारमा वाक्य परिवर्तन गर्न भनिएको छ । उपसर्ग तथा आधारपद छुट्याउन पनि भनिएको छ ।

कारक र विभक्तिको प्रयोग 'जैविक खेती' पाठको कार्यमूलक व्याकरण खण्डमा समावेश गरिएको छ । जसमा विभिन्न अनुच्छेदहरु उल्लेख गरी कारक विभक्ति छुट्याउन भनिएको छ । विभिन्न कारक विभक्ति प्रयोग गरी अनुच्छेद लेखन भनिएको छ ।

विभक्ति र द्वित्व शब्दहरु तथा सामान्य धातु र नाम धातु तथा वर्ण विन्यासको प्रयोग 'मङ्गलाका एक दिन' दैनिकी पाठको कार्यमूलक व्याकरणमा गरिएको छ । जसमा विभिन्न विभक्तिहरुको प्रयोग र द्वित्वका प्रकार र प्रयोग उदाहरणसहित पाठबाट खोजी प्रयोग गर्न अनुच्छेद लेख्न भनिएको छ ।

कृदन्त र तदितान्त शब्दहरु तथा अपूर्ण पक्ष 'डाक्टर साहेब' कथाको कार्यमूलक व्याकरण खण्डमा उल्लेख गरिएको पाइन्छ । जसमा विभिन्न अनुच्छेद वाक्य आदिद्वारा स्पष्ट पार्ने काम गरिएको छ । अपूर्ण पक्षका विभिन्न उदाहरण उल्लेख गर्दै भूत, वर्तमान र भविष्यत् कालमा रही अनुच्छेद निर्माण गर्न भनिएको छ ।

समस्त शब्दहरु पूर्ण पक्ष तथा धातु रुपावली 'आङसान सुकी'को जीवनीको कार्यमूलक व्याकरण खण्डमा समावेश गरिएको छ । जसमा विभिन्न समस्त शब्दहरु भएको तालिका हेरी छुट्याउन भनिएको छ । कालको पूर्ण पक्ष विभिन्न रुप पक्षलाई सङ्केतका आधारमा परिवर्तन गर्न भनिएको छ ।

लेख्य चिह्न धातु, रुपावली तथा भूत कालका अभ्यस्त र अज्ञात पक्षहरुको प्रयोग 'सय रङ इन्द्रेनी' कविताको कार्यमूलक व्याकरण खण्डमा उल्लेख गरिएको छ । जसमा विभिन्न विराम चिह्नको

उदाहरण सहित परिचय र विभिन्न अनुच्छेदका आधारमा अभ्यस्त हुने कुरा उल्लेख गरिएको छ । करण, अकरण र कालका रुपलाई पनि विभिन्न वाक्यका सङ्केतका आधारमा परिवर्तन गर्न भनिएको छ ।

वर्ण विन्यास र वाक्यका प्रकार 'महिला हिंसा' संवाद पाठको कार्यमूलक व्याकरण खण्डमा समावेश गरिएको छ । जसमा विभिन्न वर्णविन्यासगत त्रुटि र वाक्यका प्रकार उदाहरण तथा अनुच्छेदमा छुट्याउन भनिएको छ । सरल, संयुक्त र मिश्र वाक्यको प्रयोग गरी घर, समाज र वातावरणीय प्रदुषणका बारेमा वर्णन गर्न भनिएको छ ।

वर्ण विन्यास विभक्ति नियम तथा भावको प्रयोग 'छात्रावास' निवेदनको कार्यमूलक व्याकरणमा उल्लेख गरिएको पाइन्छ । जसमा विभिन्न उदाहरणीय वाक्य तथा तालिका सूची दिई प्रकार र प्रयोगको धारणा स्पस्ट पारिएको छ । वाक्यमा विभक्ति र भाव बुझ्नको लागि प्रश्नको सङ्केतको आधारमा परिवर्तन गर्न भनिएको छ ।

वाच्य र वर्ण विन्यास प्रयोग 'बन्धनबाट मुक्त' कथाको कार्यमूलक व्याकरणमा उल्लेख गरिएको पाइन्छ । जसमा वाच्यको प्रकार र ह्रस्व, दीर्घको प्रयोग उदाहरणसहित स्पष्ट हुन अभ्यासद्वारा निर्देशन गरिएको छ । आफ्ना सम्भावित गल्तिलाई सच्याउन भनिएको छ ।

## ४.३ पाठगत कार्यमूलक व्याकरणको प्रयोग तथा विश्लेषण

### पाठ–एक

भूतकालको परिचय मात्रै नदिएर त्यसका पक्षको पनि चिनारी गराउने काम गरिएको छ । भूतकालका पक्षले विद्यार्थीका विगतका घटनाका र यसको प्रयोग गर्ने सिपमा सहयोग बढ्छ । यसबाट परम्परागत व्याकरणमा रहेको कालको परिभाषा र पक्षको प्रकारले भूतकाललाई अझ चिनाउने अभ्यास गरेको छ । जस्तैः जादै थियो, गएको थियो, जान्थ्या, गएछ । (पृ.११) जस्ता भूतकालका पक्षलाई वोध गराउन जोड दिएको छ । यसले बालबालिकाले भूतकालिन अवस्थाको स्पष्ट अवधारणा दिने सिपको विकासमा जोड दिएको छ ।

## पाठ–दुई

नाम र विशेषणको परिचय नदिएर त्यसको अवधारणा अनुच्छेदमा रेखाङ्कन गरी स्पष्ट पारिएको छ । यसले नाम र विशेषणको प्रयोगले बुझाइ सिपको विकास गर्ने उद्देश्य राखिएको छ । जस्तैः गाई, बाछाबाछी, शिक्षा, रातो सर्ट, मेहनती मान्छे, कालो चस्मा, आधा, मोटी । (पृ.१६, १७) आदि । नाम  विशेषण बुझाउने शब्दहरु पाठमाबाट खोजी नजिकैको साथीको परिचय दिने कार्यकलापको वोध गराइएको छ । नाम र विशेषणको परिभाषा र प्रकार स्पष्ट नगराई वोध गराउने प्रयास गरिएको छ ।

## पाठ-तिन

पद सङ्गति उदाहरण सहित पहिचान गर्न विभिन्न वाक्य अनुच्छेद, खाली ठाउँ भर्न भनिएको छ । आफ्नो परिवारको वयान पद सङ्गति मिलाई गर्नुहोस् भनिएको छ । जस्तैः.............जति सबैको परीक्षा बिगारेछन् । (पृ.२८) आदि । पद सङ्गति अन्तर्गत लिङ्गगत, वचनगत, पुरुषगत र आदरगत सङ्गति मिलाउन भनिएतापनि कियाकलापमुखी मात्र भएर प्रकार र परिभाषा दिइएको पाइदैन ।

## पाठ-चार

सर्वनाम, नामयोगी, संयोजक, निपातको प्रयोग विभिन्न अनुच्छेद दिई अभ्यस्त पार्न खोजिएको छ । अन्य अरु सर्वनाम, नामयोगी, संयोजक, निपात आदिको धारणा पाठबाट खोज्न भनिएको छ, भने अनुच्छेद रचना तथा आफ्नो र साथीको वर्णन गर्न भनिएको छ । जस्तैः म, हामी, कुन, भरि, निम्ति, र, वा, पनि, त, पो, लौ, खै । (पृ.३८,३९) आदि । उदाहरणसहित नामयोगी, निपात, दिएपनि परिभाषा दिएको पाइदैन ।

## पाठ-पाँच

कियापद, कियायोगी, विस्मयादीवोधक, वाक्य संश्लेषण र विश्लेषणको प्रयोग रेखाङ्कन गर्दै विभिन्न अनुच्छेद दिएको छ । वाक्य छुट्याउन विभिन्न वाक्यका स्वरुप र टिप्न लगाइएको छ । वाक्य संश्लेषण तथा विश्लेषण तथा विश्लेषण गर्न तालिकाद्वारा सरल, मिश्र, र संयुक्त छुट्याइएको पाइन्छ ।

यसलाई अझ स्पष्ट पार्न संकेतका आधारमा वाक्य संश्लेषण तथा विश्लेषण गर्न भनी विभिन्न वाक्यहरु दिइएको पाइन्छ तर परिभाषा दिएको पाइदैन ।

## पाठ-छ

काल अन्तर्गत भविष्यत् काल र यसका पक्षको पहिचान र प्रयोगको अवधारणा दिएको छ । पाठगत वाक्य टिपी अभ्यासका लागि अन्य वाक्य टिप्न निर्देशन दिएको छ । भविष्यत् कालको परिभाषा स्पष्ट दिएको पाइदैन ।

## पाठ-सात

वर्तमान काल यसका पक्षको पहिचान विशेषण र क्रियापदको अवधारणा विभिन्न अनुच्छेद उल्लेख गर्दै स्पष्ट पारिएको छ । पाठका विभिन्न अनुच्छेदबाट कालका पक्षसँग बदल्न भनिएको छ । सङ्केतको आधारमा वाक्य परिवर्तन गर्न भनिएको छ । विशेषण र क्रियापद पाठका अनुच्छेदबाट खोजेर छुट्याउन भनिएको छ । वर्तमान कालका पक्ष, विशेषण तथा क्रियापदको उदाहरण दिएपनि परिभाषा दिएको पाइदैन ।

## पाठ-आठ

व्याकरणात्मक कोटी अनुरुप लिङ्ग, वचन, पुरुष, आदर, करण, अकरण कालका पक्ष वाक्य परिवर्तन, उपसर्गद्वारा शब्द निर्माण जस्ता कुराहरु उदाहरण दिई स्पष्ट पार्ने प्रयास गरिएको छ । कोष्ठकका सङ्केत तथा जोडा मिलाउन भनिएको छ । पद सङ्गतिका वाक्यमा ठिक र वेठिकमा चिह्न लगाउन भनिएको छ । धातुमा सङ्केतका आधारमा वाक्य परिवर्तन तथा उपसर्ग तथा शब्द निर्माण आधारपद आदि छुट्याउन भनिएको छ । जस्तैः उप, अधि, अनुशासन, हार, कार (पृ.७८) आदि । उदाहरणका लागि भनिएतापनि परिभाषा दिएको पाइदैन ।

## पाठ-नौ

कारक र विभक्तिको प्रयोग र प्रकारका बारेमा विभिन्न वाक्यहरु अनुच्छेदबाट स्पष्ट पारिएको छ । तत्सम्बन्धी अभ्यासमा अभ्यस्त हुन पनि भनिएको छ । पाठमा भएका विभिन्न अनुच्छेदबाट कारक र विभक्ति छुट्याउन भनिएको छ ।

## पाठ-दश

विभक्ति, द्वित्व तथा सामान्य धातु र नाम धातु तथा वर्ण विन्यासको प्रयोग अनभव गर्दाको अवस्थाको चित्रण गर्न भनिएको छ । विभक्तिको प्रयोग गर्न खाली ठाउँ भर्न भनिएको छ । पाठका अनुच्छेदबाट विभक्ति छुट्याउन भनिएको छ । अनुच्छेदमा रेखाङ्कन गरी द्वित्व छुट्याउन भनिएको छ । पूर्ण, आंशिक र आपरिवर्तित द्वित्व प्रयोग गर्न भनिएको छ । जस्तैः छिटो छिटो, ठुल्ठुल, झै-झगडा, गोदगाद, टिपनटापन (पृ.९७,९८) । धातु र नामधातु तथा वाक्यमा प्रयोग गर्न भनिएको छ । उदाहरण दिएतापनि परिभाषा स्पष्ट दिएको छैन ।

## पाठ-एघार

कृदन्त र तद्दितान्त शब्द, अपूर्ण पक्षको शब्द निर्माण गर्न विभिन्न शब्दहरु दिएको छ । जसको माध्यमबाट कृदन्त र तद्दितान्त छुट्याउन भनिएको छ । आफ्नो, साथीको भोलिको समयको बारेमा वाक्य, अनुच्छेद निर्माण गर्न भनिएको छ । उदाहरणहरु प्रशस्त दिएर कृत तद्दितान्त र अपूर्ण पक्षको बारेमा स्पष्ट पारिएतापनि परिभाषा दिएको पाइदैन ।

## पाठ-बाह्र

समस्त शब्द, पूर्ण पक्ष तथा धातु रुपावलीको प्रयोग तालिकाबाट तथा विभिन्न शब्दहरु दिएर स्पष्ट पार्ने काम गरिएको छ । भूतकालको पक्षमा चिह्न लगाउन भनिएको छ । कोष्ठकका संकेतका निर्देशनका आधारमा खाली ठाउँ भर्न भनिएको छ । जस्तैः तिमी परीक्षामा सफल ...........। ( हु : पूर्ण भविष्यत) (पृ.११८) आदि । धातुबाट क्रियापद मिलाउन तथा वाक्यमा प्रयोग गर्न भनिएको छ । जस्तै सुत् उठेका, हिडेका, खनेका (पृ.११९) आदि । नाच र जाच धातुबाट एकवचन, करण, अकरण,

पुरुष आदिका रुप परिवर्तन गर्न तालिका दिएको छ । स्त्री लिङ्गी क्रियापदको प्रयोग गर्दै महिला साथीको बारेमा एक अनुच्छेद लेख्न निर्देशन गरिएको छ भने स्पष्ट परिभाषा दिएको पाइदैन ।

## पाठ-तेह्र

लेख्य चिह्न धातु, रुपावली तथा भूत कालका अज्ञात र अभ्यस्त पक्षहरुको प्रयोग उदाहरण दिएर, अनुच्छेद दिएर, पुर्नलेखन गर्न लगाएर, विभिन्न धातुको प्रयोग गरेर देखाउन भनिएको छ । जस्तैः सुनाउ, हिँड, बोल (पृ.१२७) आदि । अभ्यस्त र अज्ञात भूतको प्रयोग गरी बाल्यकाल र सहरको वर्णन गर्न भनिएको छ ।

## पाठ-चौध

वर्ण विन्यास तथा वाक्यका प्रकार ह्रस्व इकार पाठबाट खोज्न भनिएको छ । विभिन्न अनुच्छेदहरु उल्लेख गर्दै वर्ण विन्यास र वाक्यका प्रकार छुट्याउन भनिएको छ । पाठबाट, घर र त्यसका वरपरका वातावरणीय प्रदुषणको वर्णन वाक्यका प्रकारका आधारमा छुट्याइ प्रयोग गर्न भनिएको छ ।

## पाठ-पन्ध्र

वर्णविन्यास र विभक्ति नियम तथा भाव (आज्ञार्थ, इच्छार्थ, संभावनार्थ र संकेतार्थको प्रयोग गर्न भनिएको छ । उदाहरणका रुपमा वर्ण विन्यास सम्बन्धी ह्रस्व, दीर्घ आदिको बारेमा तथा हलन्त, अजन्त, ब, व, स, श, ष, शिरविन्दु र चन्द्रविन्दु, नासिक्य व्यञ्जन वर्णको वर्गीकरण गरी बुझाउने प्रयास गरिएको छ । तत्सम, तद्भव तथा विभिन्न शब्द बनाउन भनिएको छ । जस्तैः अनु, दुर्, प्रति, इक, अनीय, वी (पृ.१४६) आदि । कारक र विभक्ति सम्बन्धी विभिन्न उदाहरण दिई स्पष्ट पारिएको छ । भावका आधारमा आज्ञार्थ, इच्छार्थ, संभावनार्थ उदाहरण दिई समूहमा छुट्याउन भनिएको छ । वाक्यमा बदल्न पनि भनिएको छ । जस्तैः तपाई माला लगाउनुहुन्छ । (पृ.१४९) आदि ।

## पाठ-सोह्र

वाच्य (कर्तृ, कर्म, भाव) र वर्णविन्यासको अवधारणा दिएको छ। विभिन्न अनुच्छेद उल्लेख गर्दै कर्तृ, कर्म, भाव वाच्य छुट्याउन भनिएको छ । पाठबाट ह्रस्व, दीर्घ सम्बन्धी बताउन भनिएको छ । अनुच्छेद उल्लेख गर्दै गल्ती सच्याउन भनिएको छ। परिभाषा भने स्पष्ट पारिएको छ।

# अध्याय पाँच

# निष्कर्ष, सुझाव र उपयोगिता

## ५.१ निष्कर्ष

नेपाल सरकार शिक्षा मन्त्रालय पाठ्यक्रम विकास केन्द्र सानोठिमी, भक्तपुरद्वारा निर्धारित मा.वि तहको कक्षा नौको नेपाली पाठ्यपुस्तकमा समाविष्ट कार्यमूलक व्याकरणको माथि प्रस्तुत गरिएको विश्लेषण र मूल्याङ्कनका आधारमा यस अध्ययनबाट निम्न लिखित निष्कर्षहरू प्राप्त भएका छन् :

(क) परम्परागत निगमनात्मक विधिबाट व्याकरण पठन पाठन गराउने पद्धतिमा कार्यमूलक व्याकरणले आगमनात्मक विधिबाट व्याकरण जस्तो जटिल विषयलाई बोध गराइएको छ । जसले विद्यार्थीले पाठ अन्तर्गतकै शब्दलाई प्रयोग गरी व्याकरण सिकाइएको देखिन्छ ।

(ख) परीक्षाका दृष्टिकोणले पनि अघिल्ला पाठहरूमा सिकाइएका सन्दर्भहरूलाई पछिल्ला पाठहरूमा पनि पुनः दोहोऱ्याइएकोले विद्यार्थीहरूमा पुनः स्मरण गर्नमा टेवा पुगेको देखिन्छ ।

(ग) वर्ण विन्यास तथा लेख्य चिह्नको सन्दर्भमा विद्यार्थीहरूको त्रुटिमा कम हुने देखिन्छ ।

(घ) व्याकरणिक कोटि अन्तर्गतका सम्पूर्ण विषयलाई विस्तृत रूपमा प्रस्तुत गरिएको नभई सतही रूपमा प्रस्तुत गरिएको छ । जसले अघिल्ला कक्षामा जाँदा केही सहज हुने देखिन्छ ।

(ङ) व्याकरण खण्डमा दिइएका अभ्यासहरू सैद्धान्तिकभन्दा प्रयोगात्मक भएको देखिन्छ ।

(च) व्याकरणात्मक अभ्यासमा वस्तुगत प्रश्नलाई समावेश गरिएको पाइन्छ ।

(छ) पाठ्यपुस्तकमा नामपछि क्रमशः सर्वनाम, विशेषण, क्रियापद राखिएको क्रम मिलेको देखिन्छ ।

(ज) व्याकरणिक पाठ्यपुस्तकको स्तरण हेर्दा पाठ्यवस्तुमा निकै हदसम्म मिलाउन खोजेको देखिन्छ । यद्यपि विषयवस्तुको व्यापकता देखिदैन ।

(झ) भाषा र व्याकरणलाई सँगसँगै सिकाउने कार्यमा सहयोग पुऱ्याएको पाइन्छ ।

(ञ) कार्यमूलक व्याकरणको अवधारणा अनुरूप पाठ्यपुस्तकहरूको विकास गर्नुपर्ने सन्दर्भमा पाठ्पुस्तक निर्माताहरूको ध्यान पुगेको देखिन्छ तर पनि विषयवस्तुको गहनता केही कम भएको हुँदा सैद्धान्तिक ज्ञान अझैं थप्नु पर्ने देखिन्छ ।

(ट) कार्यमूलक व्याकरणको अध्ययनले विद्यार्थीहरूमा भाषिक सिपको साथै स्तरीय नेपालीको विकासमा टेवा पुग्ने देखिन्छ ।

## ५.२ सुझाव

कक्षा नौको नेपाली पाठ्यपुस्तकमा रहेका कार्यमूलक व्याकरणात्मक अभ्यासहरूको विश्लेषणका आधारमा व्याकरणात्मक अभ्यासहरूमा रहेका कमी कमजोरीहरू हटाउन निम्नलिखित सुझाबहरू प्रस्तुत गरिएको छ :

(क) व्याकरणिक विषयवस्तुहरू निकै कम तथा सङ्क्षिप्त रूपमा प्रस्तुत गरिएको छ । यसरी प्रस्तुत गर्दा स्पष्ट नभएकोले स्पष्ट पार्ने थप विषयवस्तु राख्नुपर्ने आवश्यकता देखिन्छ ।

(ख) प्रायः जसो व्याकरणलाई सङ्क्षिप्त रूपमा अलग-अलग पाठका अभ्यास खण्डमा राखिएको पाइन्छ । यसरी एउटै व्याकरणलाई धेरै ठाउँमा राख्नु उपयुक्त हुने देखिन्छ ।

(ग) व्याकरण र त्यस अन्तर्गतको पाठमा सम्बन्ध स्थापना गर्नु जरूरी देखिन्छ ।

(घ) व्याकरणिक विषयवस्तु अभ्यासमा दोहोऱ्याएर दिइएको छ, यसलाई एकै ठाउँमा स्पष्ट हुने गरी राख्नु उचित देखिन्छ ।

(ङ) व्याकरणिक अभ्यासहरू बढी भन्दा बढी राख्नुपर्ने देखिन्छ ।

(च) काल र पक्षका वाक्यलाई अलग-अलग पाठका अभ्यास खण्डमा राखिएको सँगैसँगै राख्नुपर्ने देखिन्छ ।

(घ) व्याकरणलाई रोचक र सान्दर्भिक हुने गरी प्रस्तुत गरिनुपर्दछ ।

(ज) लिङ्ग, वचन, पुरुष, करण, अकरण आदि व्याकरणिक विषयवस्तुको बारेमा कम जानकारी दिइएको पाइन्छ । यसलाई अझ विस्तृत रूपमा जानकारी दिनुपर्ने देखिन्छ ।

(झ) व्याकरण अभ्यासको प्रयोगबाट शुद्ध लेखन सिपमा सहयोग हुने हुँदा तिनको उचित संयोजन हुनु आवश्यक छ ।

(ञ) व्याकरण अभ्यासहरूको सङ्ख्या धेरै र त्यस सम्बन्धी जानकारी कम देखिएकोले यसमा हेरफेर गर्नुपर्ने आवश्यकता देखिन्छ ।

(ट) व्याकरण प्रयोगका साथै अझ विस्तारका साथ विविध व्याकरण सम्बन्धी अभ्यास निर्माण गरिनु पर्दछ ।

(ठ) नेपाली भाषा शिक्षणका क्रममा व्याकरणका खास-खास क्षेत्रमा भएका समस्याहरूको पहिचान गरिनु पर्दछ र त्यस्ता समस्याहरूको हल हुने गरी व्याकरणका अभ्यासको तर्जुमा गरे मात्र व्याकरणको सिकाइ प्रभावकारी हुन सक्छ । पाठ्यपुस्तक तयार गर्दा यस्ता कुराको राम्ररी ख्याल गर्नु पर्दछ ।

(ड) नेपालका विद्यालयहरूमा निरीक्षण अर्थात सुपरिवेक्षण खाली भौतिक पक्षको मात्र हुने गर्दछ । सम्बन्धित विषयहरूका विशेषज्ञहरूबाट वा सुपरिवेक्षकहरूले भाषा कक्षाको अवलोकन तथा सुपरिवेक्षण गरेर भाषिक मूल्याङ्कन गर्दै व्याकरणका अभ्यासहरूमा आवश्यक सुधार गर्नु पर्ने देखिन्छ ।

(ढ) व्याकरणसम्बन्धी अभ्यास निर्माण गर्दा सामग्रीहरूको क्रम टुक्रने गरी अभ्यास राखिनु शिक्षणीय दृष्टिकोणले उपयुक्त देखिदैन । त्यस्ता अभ्यास निर्माण गर्दा पहिले क्रमलाई अनि स्तरलाई ख्याल गर्नु सबभन्दा राम्रो हो ।

## ५.३ उपयोगिता

यस अध्ययनको अनुसन्धान पछि व्याकरणको उपयोगितालाई निम्नानुसार सुनिश्चित गरेको छ :

(क) प्रस्तुत अध्ययन व्याकरण अभ्यासको अध्ययनमा केन्द्रित छ । जसले विद्यार्थीहरूको व्याकरणिक ज्ञान अभिवृद्धि गर्नको लागि उपयोगी रहेको छ ।

(ख) यस अध्ययनले भावी अध्ययनलाई सहयोग पुऱ्याउने देखिन्छ ।

(ग) 'कक्षा नौको नेपाली पाठ्यपुस्तकमा समाविष्ट कार्यमूलक व्याकरण' अभ्याससँग सम्बन्धित ज्ञानको विकासमा एउटा इटा थप्ने कार्य यस अध्ययनले गरेको हुँदा अध्ययन उपयोगी देखिन्छ ।

(घ) प्रस्तुत अध्ययनले विद्यार्थीहरूको भाषिक क्षमता विकासमा सहयोग गर्ने छ ।

(ङ) प्रस्तुत अध्ययनले वर्ण विन्यास तथा लेख्य चिह्नको सन्दर्भले विद्यार्थीहरूको त्रुटिमा कम हुने देखिन्छ । जसले गर्दा भाषाको शुद्ध प्रयोग गर्नमा उपयोगी देखिन्छ ।

(च) अध्ययन कार्यमूलक व्याकरणसँग सम्बन्धित भएकाले विद्यार्थीहरूले गरेर सिक्ने क्षमताको मापन गर्नमा उपयोगी देखिन्छ ।

(छ) यस अध्ययनबाट नेपाली भाषा विषयका शिक्षकहरूलाई विद्यार्थीको उमेर, रूचि र मनोवैज्ञानिक पक्षलाई राम्ररी विचार गरी पठन-पाठन गर्न सहयोग मिल्ने छ ।

(ज) प्रस्तुत अध्ययनले विभिन्न आधारमा व्याकरण सम्बन्धी अभ्यासहरूको तुलनात्मक अध्ययन गर्न सहयोग गर्ने छ ।

(झ) प्रस्तुत अध्ययनले कक्षा नौको नेपाली पाठ्यपुस्तकको कार्यमूलक व्याकरण अभ्यासमा आवश्यक सुधार गर्ने छ ।

(ञ) प्रस्तुत अध्ययन विद्यार्थीहरूको दैनिक व्यवहारमा प्रयोग हुने विषयवस्तु भएको हुँदा प्रस्तुत अध्ययन व्यवहारिक तहमा अत्यन्तै उपयोगी र सान्दर्भिक रहेको छ ।

(ट) विद्यार्थीहरूमा कार्यमूलक व्याकरणको भाषिक सिपको विकासमा उपयोगी रहने छ ।

## ५.४ भावी अध्ययनका शीर्षकहरू

शोध अध्ययन कार्य भाषाको विस्तृत एवम् गहन कार्य हो । जति-जति अध्ययन गर्दै गयो त्यति नै त्यो विषयवस्तुको ज्ञान बढ्दै जान्छ र अन्त्यमा त्यो विषयवस्तुमा पोख्त बन्न सकिन्छ र अध्ययनको दायरालाई फराकिलो पार्न सहयोग पुऱ्याउने हुन्छ । तसर्थ आगामी दिनहरूमा भावी अनुसन्धानलाई अझ गहिराइमा पुगेर नयाँ समस्याको नयाँ ढङ्गबाट समाधान खोजेर आविष्कृत कुराको प्रस्तुतिका साथ भाषालाई समुन्नत र समृद्ध तुल्याउन सहयोग गर्नु भनेको भावी अध्ययनका लागि सम्भावित शीर्षक दिनु हो । कक्षा छको नेपाली किताबका बारेमा निम्नलिखित शीर्षकहरूमा भावी अध्ययन अनुसन्धान गर्न सकिने देखिन्छ । जुन शीर्षकहरू यस प्रकार छन् :

(क) व्याकरण शिक्षण गर्दा प्रयोग गर्न सकिने शैक्षिक सामग्रीहरूको उपयोगिताको एक अध्ययन ।

(ख) कक्षा नौको नेपाली किताबमा समाविष्ट व्याकरणात्मक कोटिको अध्ययन ।

(ग) कक्षा नौको नेपाली किताबमा समाविष्ट शब्द भण्डारको अध्ययन ।

(घ) कक्षा नौमा नेपाली भाषा शिक्षण गर्दा प्रयोग गरिने शिक्षण विधि र शैक्षिक सामग्रीहरूको अध्ययन ।

# व्यक्तिवृत्त

नाम : अम्बिका देवी सुबेदी

ठेगाना : निघरादिन-१ ताप्लेजुङ

लिङ्ग : महिला

बुबाको नाम : रुद्र प्रसाद सुबेदी

आमाको नाम : नरमाया सुबेदी

राष्ट्रियता : नेपाली

भाषा : नेपाली, अङ्ग्रेजी र हिन्दी

**शैक्षिक योग्यता**

| क्र.सं. | तह | वर्ष | संस्था |
|---|---|---|---|
| १. | एस.एल.सी. | २०६० | श्री परम सिंह मा.वि., निघुरादिन, ताप्लेजुङ |
| २. | आइ.एड. | २०६३ | श्री शारदा उ.मा.वि., चुहान्डाडा, तेह्रथुम |
| ३. | बी.एड. | २०६७ | पाथिभरा बहुमुखी क्याम्पस, ताप्लेजुङ |
| ४. | एम.एड. | २०७३ | कनकाई बहुमुखी क्याम्पस, सुरुङ्गा, झापा |

# प्रतिबद्धता पत्र

यस शोध प्रतिवेदन भित्रका सामग्री कहीँ कतैबाट साभार गरिएको छैन । यसका कुनै पनि अंश अन्य प्रयोजनका लागि उपयोग र प्रकाशनमा आएका पनि छैनन् । तसर्थ यो शोध प्रतिवेदन नितान्त मौलिक भएको प्रतिबद्धता व्यक्त गर्दछु ।

............

शोधार्थी

मितिः

## त्रिभुवन विश्व विद्यालय, शिक्षाशास्त्र सङ्काय,

## कनकाई बहुमुखी क्याम्पस,

## नेपाली भाषा शिक्षा विभाग

## सुरुङ्गा, झापा

### सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय नेपाली भाषा विभागअन्तर्गत स्नातकोत्तर तह द्वितीय वर्षको नेपा.शि ५९८ को प्रयोजनार्थ प्रस्तुत 'कक्षा नौको नेपाली पाठ्यपुस्तकमा समाविष्ट कार्यमूलक व्याकरण' शीर्षकको शोधपत्र अम्बिका देवी सुवेदीले मेरो निर्देशनमा रही तयार पार्नु भएको छ । उहाँले निकै मिहेनत र लगनशीलताका साथ तयार पार्नु भएको प्रस्तुत शोधपत्र आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

मिति :

प्रा.श्री विष्णु प्रसाद कोइराला

(शोध निर्देशक)

शिक्षाशास्त्र सङ्काय कनकाइ बहुमुखी क्याम्पस

नेपाली भाषा शिक्षा विभाग

सुरुङ्गा, झापा ।

## त्रिभुवन विश्व विद्यालय, शिक्षाशास्त्र सङ्काय,

## कनकाई बहुमुखी क्याम्पस,

## नेपाली भाषा शिक्षा विभाग

## सुरुङ्गा, झापा

# स्वीकृति पत्र

त्रिभुवन विश्व विद्यालय शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभागअन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको नेपा.शि. ५९८ पाठ्यांशको प्रयोजनार्थ तयार पारिएको प्रस्तुत 'कक्षा नौको नेपाली पाठ्यपुस्तकमा समाविष्ट कार्यमूलक व्याकरण' शीर्षकको शोधकार्य नेपाली भाषा शिक्षा विभाग, स्नातकोत्तर तहको लागि उपयुक्त भएकाले स्वीकृति प्रदान गरिएको छ ।

**मूल्याङ्कन समिति**

| क.सं. | नाम | दस्तखत |
|---|---|---|
| १ | | |
| २ | | |
| ३ | | |

# कृतज्ञता ज्ञापन

अनुसन्धान मानवीय ज्ञानको वृद्धि गर्ने अद्वितीय साधन हो । यसले समस्यासँग सम्बद्ध तथ्य वा तथ्याङ्कको सङ्कलन गरी नयाँ सत्यको उद्घाटन गर्ने गर्दछ । 'कक्षा नौको नेपाली पाठ्यपुस्तकमा समाविष्ट कार्यमूलक व्याकरण' शीर्षकको शोधपत्र तयार गरिएको छ । जसमा कक्षा नौको पाठ्यपुस्तक भित्र समाविष्ट पाठगत व्याकरणलाई पाठ्यक्रम अनुरूपताका आधारमा विश्लेषण गर्नु, पाठ्यपुस्तकमा समाविष्ट कार्यमूलक व्याकरणलाई प्रकृतिका आधारमा विश्लेषण गर्नु, सिप विकासका दृष्टिले कार्यमूलक व्याकरणको विश्लेषण गर्नु, जस्ता उद्देश्यमा आधारित रहेर व्याख्या विश्लेषण गरी तयार पारिएको शोधकार्य हो । यसको मूल प्रयोजन स्नातकोत्तर उपाधिका लागि भए पनि यस क्षेत्रसँग सम्बन्धित व्यक्तिहरूका लागि पनि उपयोगी हुनेछ भन्ने आशा गरेको छु ।

यो शोधपत्र तयार पार्ने क्रममा शोधपत्रको शीर्षक चयनदेखि शोधपत्रलाई अन्तिम स्वरूप दिने समयसम्म आफ्नो अमूल्य समय दिई आवश्यक सुझाव, सहयोग र निर्देशन प्रदान गर्नुहुने आदरणीय गुरु प्राध्यापक विष्णु प्रसाद कोइरालाप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । त्यसैगरी शोध शीर्षक, शोधपत्रको सम्बन्धमा र सामग्री सङ्कलनका लागि आवश्यक सुझाव दिनुहुने तथा मलाई प्राध्यापन गराउनु हुने सम्पूर्ण गुरुवर्ग र कर्मचारीहरूप्रति हार्दिक आभार प्रकट गर्दछु ।

प्रस्तुत शोधपत्र तयार पार्न सामग्री सङ्कलनमा सहयोग पुऱ्याउने श्रीमान् कुमार तिवारी, बहिनी चन्द्रकला तिवारी, भाइ डिवेन्द्र तिवारी र देबेन्द्र सुबेदीप्रति हृदयतः आभारी छु । त्यसैगरी टङ्कन कार्यका सहयोग पुऱ्याउने भाइ देवेन्द्र सुबेदीलाई धन्यवाद दिन चाहन्छु ।

अम्बिका देवी सुवेदी

स्नातकोत्तर द्वितीय वर्ष

कनकाई बहुमुखी क्याम्पस

सुरुङ्गा, झापा

२०७३

# शोधसार

शोधशीर्षक : 'कक्षा नौको नेपाली पाठ्यपुस्तकमा समाविष्ट कार्यमूलक व्याकरण'

शोधार्थी : अम्बिका देवी सुवेदी

शोध निर्देशक : प्रा. श्री विष्णु प्रसाद कोइराला

क्याम्पस : कनकाइ बहुमुखी क्याम्पस सुरुङ्गा, झापा

अध्याय : पाँच

शैक्षिक वर्ष : २०७३/२०७४

## शोध प्रक्रिया

प्रस्तुत शोधको शीर्षक 'कक्षा नौको नेपाली पाठ्यपुस्तकमा समाविष्ट कार्यमूलक व्याकरण' को अध्ययन रहेको छ । यस शोधको अध्ययनका निम्ति कार्यमूलक व्याकरणको स्थिति र यसले पार्ने प्रभाव सम्बन्धी अध्ययन गर्नु रहेको छ । जसमा पाठ्यपुस्तकमा समाविष्ट पाठगत व्याकरणलाई पाठ्यक्रम अनुरुपताका आधारमा विश्लेषण गर्नु, कार्यमूलक व्याकरणलाई प्रकृतिका आधारमा विश्लेषण गर्नु, सिप विकासका दृष्टिले कार्यमूलक व्याकरणको विश्लेषण गर्नु रहेको छ । यस अध्ययनलाई परिपूर्ति गर्नका निम्ति तथ्याङ्क स्रोत सामग्रीका रुपमा पाठ्यसामग्री द्वितीय सामग्री तथ्याङ्क सङ्कलन र विश्लेषण विधिलाई प्रयोग गरिएको छ । प्रस्तुत अध्ययनमा पाठ्यक्रम अनुरुपता, प्रकृतिका र सिप विकासका आधारमा विश्लेषणमा सीमितता गरिएको छ ।

## शोध निष्कर्ष

'कक्षा नौको नेपाली पाठ्यपुस्तकमा समाविष्ट कार्यमूलक व्याकरण'को अध्ययन नेपाली भाषाको एक प्रमुख आधार हो । यसै आधारलाई प्रमुख मानेर शोध प्रस्ताव तयार गरिएकाले निष्कर्षलाई सङ्क्षिप्तमा निम्न वुँदामा प्रस्तुत गरिएको छ :

- व्याकरणात्मक कोटी क्रमका आधारमा व्याख्या विश्लेषण गरी प्रस्तुत गरिएको छ ।
- वर्तमान आधुनिक व्याकरणात्मक कोटीको क्रम र प्रयोगको तरिका प्रस्तुत गरिएको छ ।
- सुनाइ, बोलाइ, पढाइ र लेखाइ जस्ता भाषिक सिपको विकास गराउन पाठगत अभ्यासमा जोड दिएको छ ।
- पाठकलाई उदाहरणद्वारा नियम खोज्ने, अन्य सन्दर्भ सामग्रीको प्रयोग गर्न प्रचुर मात्रामा जोड दिएको छ ।
- पाठ्यक्रमको प्रचुर प्रयोग गरी शिक्षण गर्नुपर्ने तथा विद्यार्थीमा पनि यसको प्रयोगको प्रभावता सम्बन्धी जानकारी दिनुपर्ने कुरा प्रस्तुत गरिएको छ ।
- विभिन्न विधा र त्यस अन्तर्गत सरलताबाट जटिलता अमूर्तबाट मूर्ततिर व्याकरण शिक्षण गरी सिप हासिल गर्नुपर्ने कुरा प्रस्तुत गरिएको छ ।
- व्याकरणात्मक कोटी, लेख्य चिह्न, पद योग पद वियोग, ह्रस्व दीर्घ सम्बन्धी धारणा स्पष्ट पारिएको छ ।

## सन्दर्भ सूची


आधारभूत शिक्षा पाठ्यक्रम (२०७३), *मा.वि. तह,* पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुर ।

खड्का, ईश्वरीकुमारी (२०७०), *कक्षा छको नेपाली पाठयपुस्तकमा समाविष्ट अभ्यासको अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, काठमाडौं, नेपाली भाषा शिक्षा विभाग, कीर्तिपुर ।

खतिवडा, लक्ष्मी (२०६९), *स्नातक नेपली पाठ्यपुस्तकमा समाविष्ट व्याकरणात्मक अभ्यासको अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, काठमाडौं, नेपाली भाषा शिक्षा विभाग, कीर्तिपुर ।

ठकुरी, भोजराज (२०६१), *हाम्रो नेपाली किताब कक्षा छ र सजिलो नेपाली माला छको नमुना अभ्यासको तुलनात्मक अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, काठमाडौं, नेपाली भाषा शिक्षा विभाग, कीर्तिपुर ।

ढकाल, शान्तिप्रसाद (२०६८), *नेपाली भाषा र साहित्य शिक्षण,* काठमाडौं : शुभकामना प्रकाशन प्रा.लि. ।

नेपाल, प्रज्ञा प्रतिष्ठान (२०५५), *नेपाली बृहत् शब्दकोश,* काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

नेपाल, प्रज्ञा प्रतिष्ठान (२०६९), *नेपाली बृहत् शब्दकोश,* काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

पाठ्यक्रम विकास केन्द्र (२०७३), *कक्षा नौ, नेपाली पाठ्यपुस्तक,* सानोठिमी, भक्तपुर ।

पाठ्यक्रम विकास केन्द्र (२०६९), *मा.वि. तह नेपाली भाषा पाठ्यक्रम,* सानोठिमी भक्तपुर ।

पाण्डे, गोमा (२०६३), *कक्षा सातको नेपली पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासको विश्लेषण,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, काठमाडौं, नेपाली भाषा शिक्षा विभाग, कीर्तिपुर ।

पौडेल, माधवप्रसाद (२०६९), *प्रायोगिक भाषाविज्ञानका प्रमुख आयामहरू (प्र.सं.),* काठमाडौं : हेरिटेज पब्लिसर्स एन्ड डिस्ट्रिब्यूटर्स प्रा.लि. ।

बम, नरेशबहादुर (२०७१), *स्नातक नेपाली पाठ्यपुस्तकमा प्रयूक्त नमुना अभ्यासको अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, काठमाडौं, नेपाली भाषा शिक्षा विभाग, कीर्तिपुर ।

भट्टराई, रामप्रसाद (२०६८), *भाषिक अनुसन्धान विधि (दो.सं.),* काठमाडौं : शुभकामना प्रकाशन प्रा.लि. ।

भट्टराई, खड्गबहादुर (२०६७), *कक्षा तीनको मेरो नेपाली र सरल नेपाली शृङ्खलामा प्रयुक्त नमुना अध्यासको तुलनात्मक अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, काठमाडौं, नेपाली भाषा शिक्षा विभाग, कीर्तिपुर ।

भण्डारी, पारसमणि र नेपाल, शक्तिराज (२०६७), *प्रायोगिक भाषा विज्ञानका प्रमुख आयाम,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

राउत, खड्गबहादुर (२०६७), *कक्षा नौको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त अभ्यासका खण्डको विश्लेषणत्मक,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, काठमाडौं, नेपाली भाषा शिक्षा विभाग, कीर्तिपुर ।

शर्मा, केदारप्रसाद र पौडेल, माधवप्रसाद (२०६८), *नेपाली भाषा र साहित्य शिक्षण* (दो.सं.), काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, बसन्तकुमार (२०६७), *संक्षिप्त नेपाली शब्दसागर,* काठमाडौँ : शब्दार्थ प्रकाशन ।

# कक्षा नौको नेपाली पाठ्यपुस्तकमा समाविष्ट कार्यमूलक व्याकरण


अम्बिका देवी सुवेदी

परीक्षा क्रमाङ्क : २०४०१०७

त्रि.वि. दर्ता नं. : ९-२ -२०१-८४-२००६


**त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय अन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको**

**नेपा.शि. ५९८ पाठ्यांशको प्रयोजनार्थ प्रस्तुत**

**शोध प्रस्ताव**


त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय

कनकाई बहुमुखी क्याम्पस

नेपाली भाषा शिक्षा विभाग

सुरुङ्गा, झापा


२०७३/२०१६

## विषयसूची


पेज नं.

**अध्याय एक : शोध परिचय** **१-५**

१.१ अध्ययनको पृष्ठभूमि १

१.२ शोध समस्या २

१.३ शोधकार्यको उद्देश्य २

१.४ शोधकार्यको सान्दर्भिकता र उपादेयता ३

१.५ शोधसीमा ४

१.६ शोध पत्रको ढाँचा ५

**अध्याय दुई : पूर्वकार्यको समीक्षा र सैद्धान्तिक परिचय** **६-२१**

२.१ पूर्वकार्यको पूनरावलोकन ६

२.२ पूर्वकार्यको महत्त्व १०

२.३ रुपरेखा १०

२.३.१ व्याकरणको परिचय १०

२.३.२ कार्यमूलक व्याकरणको परिचय १२

२.३.३ व्याकरण शिक्षणको प्रयोग १३

२.३.४ व्याकरण शिक्षणको औचित्य १५

२.३.५ व्याकरण र भाषा प्रयोग १५

२.३.६ व्याकरण र भाषा पाठ्यपुस्तकको सम्बन्ध १७

२.३.७ व्याकरण शिक्षणका समस्या १८

२.३.८ व्याकरण शिक्षणका प्रमुख विधिहरु १९

२.३.९.१ व्याकरण शिक्षणको प्रक्रिया २१

**अध्याय तिन : अध्ययन विधि र प्रक्रिया २३-२५**

३.१ अध्ययनको ढाँचा २३

३.२ अध्ययनको क्षेत्र २४

३.३ तथ्याङ्क स्रोत सामग्री २४

३.४ तथ्याङ्क सङ्कलन २४

३.५ विश्लेषण प्रक्रिया २५

**अध्याय चार : व्याख्या र विश्लेषण २६-३०**

४.१ विषय प्रवेश २६

४.२ पाठगत कार्यमूलक व्याकरणको व्याख्या २७

४.३ पाठगत कार्यमूलक व्याकरणको प्रयोग तथा विश्लेषण ३०

**अध्याय पाँच : निष्कर्ष, सुझाव र उपयोगिता ३६-४०**

५.१ निष्कर्ष ३५

५.२ सुझाव ३६

५.३ उपयोगिता ३८

५.४ भावी अध्ययनका शीर्षकहरु ३९